निष्पक्ष समाचारको विश्वसनीय माध्यम

हिमाली बेला

₹ ३/– Pages-8

वर्ष २०: अङ्क: ३०२ वि.सं. २०८३, कार्तिक २९ गते, आइतवार, १५ नोभेम्बर, २०२६ POSTAL REGD NO. WB/SKM/119/2024-2026 RNI NO.SIKNEP/2007/21386 15 NOVEMBER, 2026, SUNDAY, GANGTOK



सिक्किम सरकारले राष्ट्रिय प्रेस दिवसको अवसरमा चारजना पत्रकारलाई सम्मान जनाउने

हिमाली बेलाका सहसम्पादक डिल्लीराम दुलाललाई 'वाईएन भण्डारी उत्कृष्ट पत्रकारिता पुरस्कार २०२६'



गान्तोक, १४ नोभेम्बर (आईपीआर): सिक्किम सरकारले पत्रकारिता र जनहितकारी रिपोर्टिङको क्षेत्रमा उत्कृष्ट कार्य गरेबापत राष्ट्रिय प्रेस दिवस २०२६ को अवसरमा चारजना पत्रकारलाई सम्मान गर्ने भएको छ।

प्रेस काउन्सिल अफ् इण्डियाको स्थापनाको सम्झनामा तथा स्वतन्त्र र जिम्मेवार प्रेसको महत्त्वलाई आत्मसात गर्दै हरेक वर्ष १६ नोभेम्बरमा देशभरि मराष्ट्रिय प्रेस दिवसफमनाइन्छ।

प्रिन्ट तथा इलेक्ट्रनिक मिडियामा २३ वर्षभन्दा बढ़ी अनुभव सँगालेका वरिष्ठ पत्रकार तथा हिमाली बेलाको सहसम्पादक डिल्लीराम दुलाललाई पत्रकारिता, सम्पादकीय नेतृत्व, साहित्य र जनहितकारी रिपोर्टिङमा पुऱ्याएको योगदानका लागि 'वाईएन भण्डारी उत्कृष्ट पत्रकारिता पुरस्कार २०२६' प्रदान गरिनेछ।

सीएनएन–न्यूज १८ र सिक्किम रिपोर्टरकी राज्य संवाददाता तथा सृष्टि प्रधानलाई जलवायु परिवर्तनसम्बन्धी रिपोर्टिङका लागि 'मुख्यमन्त्री पुरस्कार २०२६' प्रदान गरिनेछ। उनले पर्यावरणीय चुनौती, विशेष गरी २०२३ मा हिमाली क्षेत्रमा गएको जीएलओएफ तथा जलवायु परिवर्तनसँग सम्बन्धित अन्य घटनाबारे विस्तृत रिपोर्टिङ गरेकी थिइन्।

डिजिटल मिडिया प्लेटफर्म सिक्किम अवलोकनकी संस्थापक अर्चना प्रधानलाई महिलासम्बन्धी विषयमा रिपोर्टिङ गरेबापत मुख्यमन्त्री पुरस्कार २०२६ प्रदान गरिनेछ। उनले जनहितकारी पत्रकारितामार्फत महिलाहरूका उपलब्धि, सरोकार र सशक्तिकरणका विषयहरूलाई उजागर गरेकी छन्।

सिक्किम भोइसका संस्थापक जीवन लिम्बूलाई मानव अधिकारसम्बन्धी रिपोर्टिङका लागि मुख्यमन्त्री पुरस्कार २०२६ प्रदान गरिनेछ। उनले मानवीय गरिमा, कल्याण र आम नागरिकका अधिकारका विषयमा जनकेन्द्रित रिपोर्टिङ गरेका छन्।

यी पुरस्कारहरूले महत्त्वपूर्ण सामाजिक, पर्यावरणीय र विकाससम्बन्धी मुद्दाहरूलाई उजागर गर्न पत्रकारिताले निर्वाह गरेका भूमिका तथा जनचेतना अभिवृद्धिमा यसको योगदानलाई सम्मान गर्दछन्।







महेन्द्र सेवालाई ग्रामीण पत्रकारिता पुरस्कार २०२६



गान्तोक, १४ नोभेम्बर (हिस): राष्ट्रिय पत्रकार दिवसको अवसरमा प्रेस क्लब अफ् सिक्किमले यस वर्षको ग्रामीण पत्रकारिता पुरस्कार फास्टेस्ट फास्ट सिक्किमका सम्पादक महेन्द्र सेवा (दर्जी)–लाई प्रदान गर्ने निर्णय गरेको छ। २०१८ देखि पत्रकारितामा सक्रिय सेवाले ग्रामीण क्षेत्रका जनसरोकार, स्थानीय समस्या, सामुदायिक विकास तथा जनचेतनाका विषयलाई सञ्चारमाध्यममार्फत उजागर गर्दै आएका छन्।

पत्रकारितामार्फत सामाजिक प्रभाव सिर्जना गर्ने उनको प्रयास उल्लेखनीय छ। २०२३ मा मियोङ गाउँकी चन्नु राईको पाइलट बन्ने सपना र आर्थिक कठिनाइबारे उनले प्रस्तुत गरेको समाचारपछि राज्य सरकारले राईको शैक्षिक खर्चमा सहयोग गरेको छ।

यसैगरी, 'खोजतलास' अभियानमार्फत समाजमा लुकेर रहेका लगभग ५० जना प्रतिभाशाली युवाहरूलाई पहिचान गरी आफ्नो प्रतिभा प्रस्तुत गर्ने अवसर प्रदान गरे सकेका छन्। साहित्य, कला तथा सिर्जनात्मक क्षेत्रमा सक्रिय युवाहरूलाई प्रोत्साहित गर्ने उनको यो पहल ग्रामीण पत्रकारिताको सामाजिक भूमिकाको उदाहरण बनेको छ।

ग्रामीण समुदायका आवाजलाई प्राथमिकता दिँदै पत्रकारितामार्फत सामाजिक जागरण, प्रतिभा पहिचान र प्रोत्साहनमा पुर्याएका योगदानको उच्च मूल्याङ्कन गर्दै उनलाई ग्रामीण पत्रकारिता पुरस्कार २०२६ का लागि चयन गरिएको हो। प्रेस क्लब अफ् सिक्किम महेन्द्र सेवालाई यस उपलब्धिका लागि बधाई दिँदै आगामी दिनमा अझ सशक्त, जिम्मेवार र जनमुखी पत्रकारिताको यात्राका लागि शुभकामना व्यक्त गरेको छ।

गान्तोकमा ४९औँ जुनियर राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनशिप शुरु

गान्तोक, १४ नोभेम्बर (आईपीआर): गान्तोकस्थित पाल्जर स्टेडियम कम्प्लेक्सको इण्डोर ब्याडमिन्टन हलमा शनिवार 'योनेक्स–सनराइज ४९औँ अन्तरराज्य तथा अन्तरक्षेत्रीय जुनियर राष्ट्रिय ब्याडमिन्टन टिम च्याम्पियनसिप २०२६' को शुरु भएको छ। सिक्किमले यति प्रतिष्ठित राष्ट्रियस्तरको च्याम्पियनशिप आयोजना गरेको यो पहिलोपटक हो।

शिक्षा, खेलकुद तथा युवा मामिला एवं कानून तथा संसदीय मामिला मन्त्री राजु बस्नेतले मुख्य अतिथिका रूपमा उद्घाटन समारोहमा सहभागिता जनाए। १४ देखि २१ नोभेम्बरसम्म सञ्चालन हुने यस च्याम्पियनशिपलाई सिक्किम सरकारले राज्यस्तरीय कार्यक्रमको मान्यता दिएको छ भने मुख्यमन्त्री पीएस गोले यसका मुख्य संरक्षक हुन्।

यस च्याम्पियनशिपमा २८ राज्य र पाँच केन्द्र शासित प्रदेशका ३३ टोलीको प्रतिनिधित्व गर्दै लगभग ५०० जुनियर ब्याडमिन्टन खेलाड़ी भेला भएका छन्। उनीहरूसँगै विभिन्न राज्यका ब्याडमिन्टन सङ्घ र 'ब्याडमिन्टन एसोसिएशन अफ् इण्डिया' (बीएआई)–का प्रशिक्षक, अभिभावक, पदाधिकारी र प्रतिनिधि पनि उपस्थित रहेका छन्। यस कार्यक्रममा ६०० भन्दा बढ़ी व्यक्तिको सहभागिता रहने अपेक्षा गरिएको छ।

उद्घाटन समारोहको शुरुआत ➡रहल पृष्ठ ७ मा





पवनदीप राजन र पूर्ण राईको साङ्गीतिक प्रस्तुतिको तयारी तीव्र



जेकब खालिङको अध्यक्षतामा दोस्रो समन्वय बैठक सम्पन्न

गान्तोक, १४ नोभेम्बर: आगामी २१ नोभेम्बरको साँझ गान्तोकस्थित पाल्जर स्टेडियममा आयोजन हुने चर्चित गायक पवनदीप राजन र पूर्ण राईको विशेष साङ्गीतिक प्रस्तुतिको तयारीलाई तीव्रता दिँदै दोस्रो समन्वय बैठक शनिवार गान्तोकमा सम्पन्न भयो। मुख्यमन्त्रीका राजनीतिक सचिव जेकब खालिङको सभाध्यक्षतामा सम्पन्न बैठकमा कार्यक्रमको समग्र तयारी, प्रभावकारी समन्वय तथा व्यवस्थित र सफल सञ्चालनका विभिन्न पक्षमाथि विस्तृत चर्चा गरिएको छ। बैठकमा कार्यकारिणी समितिका अध्यक्ष एवं मुख्यमन्त्रीका राजनीतिक सचिव विकास बस्नेत, उपाध्यक्ष सञ्जय दिलपाली राई, कार्यक्रम समन्वयक स्टेफनराज कार्की, स्टेज, साउण्ड तथा लाइटिङ समन्वयक रिवाज छेत्री, स्वागत समन्वयक कर्मा तामलिङ, स्टल प्रभारी भवानी शर्मा, कलाकार समन्वयक प्याट्रिक प्रधान, आतिथ्य सत्कार समन्वयक सुवर्णा प्रधान, प्रचार–प्रसार तथा बजार व्यवस्थापन समन्वयक आयशा लिम्बू, सञ्चारमाध्यम तथा प्रचार–प्रसार समन्वयक रञ्जना प्रधान र बुद्ध लेप्चालगायतको उपस्थिति रहेको थियो। बैठकमा कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र स्मरणीय बनाउन विभिन्न जिम्मेवारी अन्तर्गत भइरहेका तयारीको समीक्षा गर्दै आवश्यक समन्वय र व्यवस्थापनका विषयमा चर्चा गरिएको बताइएको छ। साथै दर्शक तथा सहभागीहरूलाई सहज र उत्कृष्ट साङ्गीतिक अनुभव प्रदान गर्ने उद्देश्यले कार्यक्रमका सबै पक्षलाई चुस्त र प्रभावकारी बनाउने विषयमा जोड़ दिइएको छ।

विभिन्न राज्य र यूटीबाट आएका ब्याडमिन्टन टोलीहरूलाई बागडोगरा विमानस्थलमा स्वागत

सिलगढ़ी, १४ नोभेम्बर (आईपीआर): गान्तोकस्थित पाल्जर स्टेडियममा १४ देखि २१ नोभेम्बरसम्म आयोजन भइरहेको ४९औँ जुनियर राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनशिपमा सहभागी हुन विभिन्न राज्य र केन्द्र शासित प्रदेशबाट करिब १५० खेलाड़ी तथा उनीहरूसँगै आएका पदाधिकारीहरू शनिवार बागडोगरा विमानस्थल आइपुगेका छन्।

आन्ध्र प्रदेश, छत्तीसगढ़, दिल्ली, गोवा, गुजरात, हरियाणा, हिमाचल प्रदेश, झारखण्ड, कर्नाटक, मध्य प्रदेश, मणिपुर, मिजोरम, नागाल्याण्ड, पुडुचेरी, पञ्जाब, राजस्थान, तमिलनाडु, तेलङ्गाना र उत्तर प्रदेशबाट टोलीहरू आइपुगेका हुन्।

टोलीहरूलाई योजना तथा विकास विभागका एडी/आईटी तथा ब्याडमिन्टन प्रतियोगिताका सहभागीहरूको व्यवस्थापन र लजिस्टिकसम्बन्धी नोडल अधिकृत अमर्त्य राज गुरुङ साथै सिक्किम ब्याडमिन्टन सङ्घ (बास)–का कार्यकारी सदस्यहरू डा. देपेन्द्र ढकाल र अरुण बस्नेतले स्वागत गरे। यस कार्यमा गृह विभाग (क्याम्प बागडोगरा)–का उपसचिव टेम्पो टाशी भोटिया, सिलगढ़ी र बागडोगरा पर्यटन विभागका अधिकारी तथा सिलगढ़ीस्थित आईपीआर एकाइले सहयोग पुऱ्याएका थिए।

टोलीहरूलाई गान्तोकसम्मको थप यात्रा सहज बनाउन बस तथा अन्य सवारी साधनसहित यातायातको व्यवस्था मिलाइएको थियो।

सामाटारमा एनएमईओ-ओएस योजनाअन्तर्गत तोरी खेतीसम्बन्धी दुईदिने तालिम तथा सामग्री वितरण कार्यक्रम सम्पन्न



नाम्ची, १४ नोभेम्बरः नाम्ची जिल्लाको कृषि विभागले वित्त वर्ष २०२६-२७ का लागि नेशनल मिशन अन एडिबल आयल्स - आयलसिड्स (एनएमईओ-ओएस) योजनाअन्तर्गत, नाम्ची जिल्लाको पोकलोक जीपीयूस्थित सामाटारमा तोरी खेतीसम्बन्धी दुईदिने तालिम तथा सामग्री वितरण कार्यक्रम सफलतापूर्वक आयोजन गरेको छ।

कार्यक्रममा पोकलोक जीपीयूकी वार्ड पञ्चायत अनुराधा सुनुवार मुख्य अतिथिका रूपमा उपस्थित थिइन्। कार्यक्रममा कृषि विकास अधिकारी अर्बिन माझी, बागवानी विकास अधिकारी बीके राई, कृषि सेवक तथा स्रोतवक्ता डा. दीपिका गदाइली, फ्युचर जेनेरली इन्स्योरेन्स कम्पनीका जिल्ला संयोजक सुचन दोर्जीका साथै विभागका अन्य अधिकारी र सम्बन्धित कृषि ब्लकका कर्मचारीहरूको उपस्थिति थियो।

कार्यक्रमको शुरुआत कृषि विकास अधिकारी अर्बिन माझीको स्वागत मन्तव्यबाट भयो, जसमा उनले मुख्य अतिथि, स्रोतवक्ता, विभागीय अधिकारी र सहभागी किसानहरूलाई हार्दिक स्वागत जनाए। आफ्नो मन्तव्यमा उनले तोरी खेतीलाई एक वैकल्पिक र आय आर्जन गर्ने कृषि गतिविधि (व्यवसाय)-का रूपमा यसको महत्त्वबारे जोड़ दिए। उनले विभागका विभिन्न योजनाबारे जानकारी दिँदै कृषि उत्पादन बढ़ाउन र आफ्नो जीवन स्तर सुधार्न सरकारद्वारा उपलब्ध गराइएका पहलहरूको लाभ लिन किसानहरूलाई प्रोत्साहित गरे।

कृषि सेवक तथा स्रोतवक्ता डा. दीपिका गदाइलीले तोरीको महत्त्व र यसको वैज्ञानिक खेती विधिबारे प्राविधिक सत्र सञ्चालन गरिन्। उनले तोरी फसलमा लाग्ने मुख्य कीरा र रोगहरूको पहिचान तथा व्यवस्थापनबारे प्रकाश पार्दै दिगो फसल उत्पादनका लागि उन्नत कृषि अभ्यास अपनाउन जोड़ दिइन्।

बागवानी विकास अधिकारी बीके राईले तोरी खेतीमा उचित सिँचाइ र जल व्यवस्थापनको महत्त्वबारे जानकारी दिए। उनले किसानहरूलाई बागवानी विभागका विभिन्न योजना र तिनबाट प्राप्त हुने फाइदाहरूबारे पनि सचेत गराए।

फ्युचर जेनेरली इन्स्योरेन्स कम्पनीका जिल्ला संयोजक सुचन दोर्जीले अप्रत्याशित परिस्थितिका कारण हुने फसल नोक्सानीबाट बच्न फसल बीमाको महत्त्वबारे किसानहरूलाई जानकारी दिए। उनले बीमा आवेदन फारम भर्ने, दर्ता गर्ने र दाबी पेश गर्ने प्रक्रियाहरूबारे व्याख्या गर्दै आर्थिक जोखिम न्यूनीकरण गर्न फसल बीमा सुविधाको उपयोग गर्न किसानहरूलाई प्रोत्साहित गरे। कार्यक्रमको दोस्रो दिन, यस क्षेत्रमा तोरी खेतीलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने उद्देश्यले छनोट गरिएका लाभार्थीहरूलाई तोरीको बीउ, जैविक विषादी र जैविक मल वितरण गरियो।

कृषि विभागका दीपेन शर्मा (एमए)-ले धन्यवाद ज्ञापन मन्तव्य राख्दै कार्यक्रमको समापन गरे। उनले मुख्य अतिथि, स्रोतवक्ता, विभागीय अधिकारी, सहभागी किसान र कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न योगदान पुर्याउने सम्पूर्णप्रति हार्दिक आभार व्यक्त गरे। यस कार्यक्रमको मुख्य उद्देश्य वैज्ञानिक तोरी खेतीबारे चेतना जगाउनु, तेलहन फसलको उत्पादन प्रवर्द्धन गर्नु, दिगो कृषि अभ्यासलाई प्रोत्साहन दिनु र फसल विविधीकरण तथा एनएमईओ-ओएस योजनाको प्रभावकारी कार्यान्वयनमार्फत किसानहरूको आयआर्जनमा वृद्धि गर्नु थियो। नाम्ची जिल्लाको कृषि विभागले कृषि क्षेत्रको समग्र विकासका लागि प्राविधिक मार्गदर्शन, गुणस्तरीय कृषि सामग्री र सरकारद्वारा सञ्चालित विभिन्न योजनाहरूमार्फत किसानहरूलाई सहयोग गर्ने आफ्नो प्रतिबद्धता पुनः दोहोऱ्यायो।

कला साहित्य संस्थानद्वारा साहित्यकार लक्ष्मीप्रसाद गुरुङलाई अपतन कला साहित्य पुरस्कार-२०२६ प्रदान गरिने



नाम्ची, १४ नोभेम्बरः अध्यक्ष गोकुल राईको अध्यक्षतामा नाम्चीको एउटा होटलमा कला साहित्य संस्थान सिक्किमको छैटौँ स्थापना दिवसमा संस्थानले वार्षिक रूपमा प्रदान गर्दैआएको अपतन कला साहित्य पुरस्कार-२०२६, आवरण सृजना पुरस्कार-२०२६ सहित अन्य सम्मानको अनुमोदन संस्थानले अगावै चयन गरेको समितिको निर्णय अनुसार शनिवार बसेको सभामा संस्थानको केन्द्रिय समितिले अनुमोदन गरेको छ। यस वर्षको अपतन कला साहित्य पुरस्कार-२०२६ पश्चिम सिक्किम साहित्य प्रकाशनका महासचिव एवं विशिष्ट साहित्यकार लक्ष्मीप्रसाद गुरुङलाई आगामी १३ दिसम्बरमा सम्पन्न हुने संस्थानको छैटौँ स्थापना दिवसमा प्रदान गरिनेछ। यसका साथै आवरण सृजना पुरस्कार-२०२६ चित्रकार सीबी राईलाई प्रदान गरिनेछ। यसरी नै अन्य सम्मानमा (१) शिक्षा सेवा सम्मान-२०२६ शिक्षाविद् एवं विशिष्ट साहित्यकार धन निर्दोष सुब्बा, (२) साहित्य साधना सम्मान विशिष्ट साहित्यकार इन्द्रकुमार राई इकुरा, (३) सङ्गीत साधना सम्मान गायक सीबी गुरुङ, (४) समाज सेवा सम्मान समाजसेवक किशोर बानियाँ र (५) काष्ठकला साधना सम्मान सीपी सुब्बालाई प्रदान गरिनेछ। सोही दिन लोकार्पण हुने संस्थानको मुखपत्र प्रतिभालाई यसपल्ट वाङ्दी छिरिङ लामा विशेषाङ्कको रूपमा प्रकाशित हुने भएकोले रचना जम्मा गर्नुपर्नेबारे पनि चर्चा गरियो।

आजको सभामा अध्यक्ष गोकुल राई, उपाध्यक्ष सरमान सुब्बा 'रसिक', महासचिव धन नीरव प्रधान, संयुक्त सचिव पेम नर्बु शेर्पा 'ज्योति' र प्रचार सचिव जीवन राई माङ्पाको उपस्थिति रहेको संस्थानका संयुक्त सचिव पेम नर्बु शेर्पा 'ज्योति'-द्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ।

आदिवासी गौरव दिवस पालन

सिलगढ़ी, १४ नोभेम्बर (हि.स.): बिरसा मुण्डाको जन्मजयन्तीको अवसरमा जनजातीय गौरव दिवस अन्तर्गत शनिवार सिलगढ़ी डिभिजनको खोरीबारीस्थित बिन्नाबारी क्षेत्रमा विशेष कार्यक्रम आयोजन गरियो।

कार्यक्रममा आदिवासी समुदायको परम्परागत संस्कृति एवं धरोहरको झलक देखियो। धामसा-मादलको तालमा आयोजित समारोहमा ठूलो सङ्ख्यामा मानिसहरू सामेल भए। समारोहको उद्घाटन फाँसीदेवाबाट भाजपाकी विधायक दुर्गा मुर्मूले गरे। समारोहमा सिलगढ़ी नगर परिषद्का पञ्चायत काउन्सिल चेयरम्यान अजय उराउँ, खोरीबारीकी बीडीओ दीप्ति साउसहित केही गण्यमान्य व्यक्तित्व र सामाजिक कार्यकर्ताहरू उपस्थित थिए। विधायक दुर्गा मुर्मू धामसा-मादलको तालमा नाच्दै र ढोल बजाउँदै कार्यक्रम स्थलमा पुगे। त्यसपछि उनले भगवान् बिरसा मुण्डाको चित्रमा पुष्पाञ्जली अर्पण गरी दीप प्रज्वलन गरी औपचारिक रूपमा कार्यक्रमको उद्घाटन गरे।

राष्ट्रपतिले बाल दिवसमा विद्यार्थीहरूसँग भेटघाट गरिन्

नयाँ दिल्ली, १४ नोभेम्बर (हिस): राष्ट्रपति द्रौपदी मुर्मुले शनिवार बाल दिवसको अवसरमा राष्ट्रपति भवन सांस्कृतिक केन्द्रमा विभिन्न विद्यालय तथा संस्थाका बालबालिकाहरूसँग भेटघाट गरी उनीहरूसँग संवाद गरिन्। यस क्रममा उनले बालबालिकालाई आफ्ना सपना साकार पार्न प्रतिबद्धता, समर्पण र दृढ़ सङ्कल्पका साथ अगाड़ी बढ़न प्रोत्साहित गरिन्। राष्ट्रपतिले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा भेटघाटका तस्बिरहरू साझा गर्दै बाल दिवसको अवसरमा विभिन्न विद्यालय तथा संस्थाका बालबालिकाहरूसँग भेटघाट र कुराकानी गरेको जानकारी दिइन्। उनले बालबालिकालाई आफ्ना सपना पूरा गर्न प्रतिबद्धता, लगनशीलता र दृढ़ सङ्कल्पका साथ प्रयास गर्न सन्देश दिइन्। राष्ट्रपति भवन सांस्कृतिक केन्द्रमा आयोजित उक्त भेटघाटका क्रममा बालबालिकाहरूले उत्साहपूर्वक राष्ट्रपतिसँग भेट गरे। यस अवसरमा राष्ट्रपतिले बालबालिकाहरूसँग आत्मीयतापूर्वक संवाद गर्दै जीवनमा आफ्ना लक्ष्य हासिल गर्न निरन्तर प्रयास गरिरहन प्रेरणा दिइन्।

सोरेङ जिल्ला मत्स्य विभागद्वारा विश्व मत्स्य दिवस २०२६ को पूर्वसन्ध्यामा चित्रकला प्रतियोगिता आयोजित



सोरेङ, १४ नोभेम्बर (आईपीआर): आगामी २१ नोभेम्बरमा मनाइने विश्व मत्स्य दिवस २०२६ को उपलक्ष्यमा सिक्किम सरकारको मत्स्य विभाग (सोरेङ जिल्ला)-ले शनिवार सोरेङको च्याखुङस्थित अतिश दीपङ्कर डेस्टिच्युट होम (आश्रय गृह)-मा एक चित्रकला प्रतियोगिता आयोजन गऱ्यो। यो कार्यक्रम एक हप्तासम्म चल्ने उत्सवको एक हिस्सा हो।

विद्यार्थीहरूमा मत्स्यपालनको महत्त्व, जलचर पारिस्थितिक प्रणालीको संरक्षण र रैथाने माछाका प्रजातिहरूको सुरक्षाबारे रचनात्मक अभिव्यक्तिको माध्यमबाट चेतना जगाउने उद्देश्यले यो प्रतियोगिता आयोजन गरिएको थियो।

प्रतियोगितामा कुल २० जना विद्यार्थीले सक्रिय सहभागिता जनाएका थिए, जसमा जुनियर समूह (८-१३ वर्ष)-बाट १० जना र सिनियर समूह (१४-१९ वर्ष)-बाट १० जना विद्यार्थीहरू सहभागी थिए। जुनियर समूहका लागि मेरो नदीका माछाहरू र सिनियर समूहका लागि हाम्रो नदी, हाम्रो जिम्मेवारी विषयहरू तोकिएका थिए। सहभागीहरूले आफ्ना चित्रकलाहरूमार्फत नदीको महत्त्व, माछाको विविधता र जलचर पारिस्थितिक प्रणालीको संरक्षणबारे आफ्नो बुझाइ र रचनात्मकतालाई उत्साहपूर्वक प्रस्तुत गरे। यस कार्यक्रमले विद्यार्थीहरूलाई मत्स्यपालन सम्बन्धी विषय सिक्न र नदीजन्य स्रोतहरूको सुरक्षा तथा संरक्षणप्रति जिम्मेवारीको भावना विकास गर्न एक अन्तरक्रियात्मक मञ्च प्रदान गऱ्यो। सहभागी विद्यार्थीहरूको उत्साहपूर्ण सहभागिताको कदर गर्दै र फैलाउन साथै उनीहरूको रचनात्मकतालाई प्रोत्साहन स्वरूप मिठाई वितरण गरेर कार्यक्रम सम्पन्न गरियो। प्रतियोगिताको नतिजा २१ नोभेम्बरको दिन गान्तोकस्थित चिन्तन भवनमा आयोजन हुने विश्व मत्स्य दिवस समारोहको अवसरमा घोषणा गरिनेछ। विश्व मत्स्य दिवस २०२६ को भावना अनुरूप, यो पहल विद्यार्थीहरूमाझ मत्स्यपालन र नदी संरक्षणसम्बन्धी चेतना पर्यावरणीय सुरक्षामा सक्रिय सहभागिता बढ़ाउन सफल रह्यो।

कार्यक्रममा मत्स्य विभागका संयुक्त निर्देशक लोब्साङ तामाङ, ब्लक अधिकारी दीपा छेत्री, अतिश दीपङ्कर डेस्टिच्युट होमकी प्रभारी मीरा राईका साथै मत्स्य विभागका गार्ड र सहायक मत्स्य गार्डहरूको उपस्थिति थियो।

सञ्चमान लिम्बू सरकारी महाविद्यालयको एसआरसी चुनाउ सम्पन्न, बङ्गामिन लिम्बू अध्यक्ष निर्वाचित



गेजिङ, १४ नोभेम्बर (हिस): गेजिङ जिल्लाको आरिगाउँस्थित सञ्चमान लिम्बू सरकारी महाविद्यालयमा सम्पन्न विद्यार्थी प्रतिनिधि परिषद् (एसआरसी) निर्वाचनमा बङ्गामिन लिम्बू अध्यक्ष पदमा निर्वाचित भएका छन्। त्यसैगरी नुनम लिम्बू उपाध्यक्ष, निकित पौड़ेल महासचिव र दिनेश शर्मा कोषाध्यक्ष पदमा निर्वाचित भएका छन्।

महाविद्यालयले शिक्षा विभागको कार्यालय आदेश अनुसार विद्यार्थी प्रतिनिधि परिषद्को चुनाउ सञ्चालन गरेको बताइएको छ। महाविद्यालय चुनाउ आयोगले अध्यक्ष, महासचिव, कोषाध्यक्ष तथा कक्षा प्रतिनिधिलगायत विभिन्न पदका लागि कुल १८ वटा उम्मेदवारी प्राप्त गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ।

१३ नोभेम्बर, २०२६ का दिन बिहान ८ बजीदेखि दिउँसो १ बजीसम्म मतदान सम्पन्न भयो। सोही दिन दिउँसो २ बजीदेखि ४ बजीसम्म मतगणना गरिएको थियो। चुनाउको अन्तिम नतिजासँगै निर्वाचित प्रतिनिधिहरूको शपथ ग्रहण समारोह पनि सम्पन्न भएको छ।

२०२६ का लागि निर्वाचित विद्यार्थी प्रतिनिधिहरूमा बङ्गामिन लिम्बू- अध्यक्ष, नुनम लिम्बू- उपाध्यक्ष, निकित पौड़ेल- महासचिव, दिनेश शर्मा- कोषाध्यक्ष, अर्बिना सुब्बा- सांस्कृतिक सचिव, विजय विश्वकर्मा- खेलकुद सचिव, दिप्शन छेत्री- साहित्यिक सचिव, भानु छेत्री- कक्षा प्रतिनिधि (बीए तेस्रो सेमेस्टर), निर्विरोध, रोहित राई- कक्षा प्रतिनिधि (बीकम तेस्रो सेमेस्टर), निर्विरोध रहेका छन्। महाविद्यालयका सम्पूर्ण प्राध्यापक तथा कर्मचारीहरूले विजयी उम्मेदवारहरूलाई बधाई दिँदै उनीहरूको सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन्।

प्रधानमन्त्रीले १५ नोभेम्बरमा जनजातीय गौरव दिवस कार्यक्रममा सहभागिता जनाउने

नयाँ दिल्ली, १४ नोभेम्बर : प्रधानमन्त्री नरेन्द्र मोदीले १५ नोभेम्बर, २०२६ को बिहान ११ बजे भिडियो कन्फरेन्सिङको माध्यमद्वारा महाराष्ट्रको गढचिरौलीमा आयोजित जनजातीय गौरव दिवस कार्यक्रममा सहभागिता जनाउनेछन्। धरती आबा भगवान बिरसा मुण्डाको १५१ जयन्तीको अवसरमा त्यहाँ उपस्थित मानिसहरूलाई पनि उनले सम्बोधित गर्नेछन्।

यस कार्यक्रमको क्रममा प्रधानमन्त्रीले करिब ३,००० करोड लागतका २४६ विकास परियोजनाको उद्घाटन एवं शिलान्यास गर्नेछन्। यी परियोजनाहरूको उद्देश्य देशभरीका जनजातीय समुदायका लागि शिक्षा, स्वास्थ्य सेवा, आजीविका अनि सामुदायिक बुनियादी पूर्वाधारलाई बलियो बनाउनु रहेको छ।

प्रधानमन्त्रीले १७३ परियोजनाको उद्घाटन गर्नेछन्। यसमा जनजातीय विद्यार्थीहरूका लागि ३८ एकलव्य आदर्श आवासीय विद्यालय (ईएमआरएस) तथा प्रधानमन्त्री जनजाति आदिवासी न्याय महाअभियान (पीएम-जनमन) अन्तर्गत १०० बहुउद्देश्यीय केन्द्र सामेल छन्, जसले सेवाहरूको आपूर्ति अनि सामुदायिक गतिविधिको केन्द्रका रूपमा काम गर्नेछन्। पीएम-जनमन अनि धरती आबा जनजातीय ग्राम उत्कर्ष अभियान (डीएजेजीयुए) अन्तर्गत विभिन्न अन्य परियोजनाको पनि उनले उद्घाटन गर्नेछन्।

जुन अन्य प्रमुख परियोजनाहरूको उद्घाटन गरिनेछ, त्यसमा अरुणाचल प्रदेशको इटानगरमा ट्राइबल रिसर्च इन्स्टीट्युटको (टीआरआइ) भवन अनि मिजोरमको आइजोलमा रोपुइलियानी जनजातीय स्वतन्त्रता सेनानी सङ्ग्रहालय पनि सामेल छन्। यसको उद्देश्य जनजातीय संस्कृति अनि विरासतलाई संरक्षित गर्नुरहेको छ। यस सङ्ग्रहालयले मिजो जनजातीय स्वतन्त्रता सेनानीहरूको साहस, वीरता अनि बलिदानको स्मरण गराउनका साथसाथै मिजो समुदायको समृद्ध सांस्कृतिक परम्परा, ऐतिहासिक विरासत अनि धरोहरलाई पनि प्रदर्शित गर्नेछ। यसको नाम १९ औँ शताब्दीकी मिजो महिला प्रमुख रोपुइलियानीको नाममा राखिएको छ, सले बृटिश औपनिवेशिक शासनको साहसपूर्वक विरोध गरेकी थिइन्। उनलाई जनजातीय प्रतिरोध अनि बलिदानको प्रतीकका रूपमा याद गरिन्छ।

प्रधानमन्त्रीले १९ नयाँ एकलव्य आदर्श आवासीय विद्यालयको शिलान्यास गर्नेछन्। यसबाट जनजातीय बच्चाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रतिबद्धता अझ बलियो हुनेछ। यसका साथै जनजातीय उत्पादहरूलाई बजारसम्मको पहुँच सुगम बनाउने उद्देश्यका साथ १२ जनजातीय बहुउद्देश्यीय विपणन केन्द्रको (टीएमएमसी) पनि शिलान्यास उनले गर्नेछन्। यसका अतिरिक्त, प्रधानमन्त्रीले पीएम-जनमन अनि डीएयुए अन्तर्गत ४२ अन्य परियोजनाको पनि आधारशिला राख्नेछन्।

यो कार्यक्रम जनजातीय गौरव पाक्षिकको समापनको प्रतीक हुनेछ, जुन १ देखि १५ नोभेम्बर, २०२६ सम् देशभरी मनाइँदैछ। यस पाक्षिकको अवधिमा राष्ट्रिय एवं धरातल स्तरमा विभिन्न कार्यक्रम आयोजित गरियो। यसमा राष्ट्रपतिको ईएमआरएसका विद्यार्थीहरूका साथ संवाद, राष्ट्रिय जनजातीय साहित्य महोत्सव, जनजातीय चिकित्सकहरूका लागि प्रशिक्षण कार्यक्रम, विशेष रूपमा कमजोर जनजातीय समूहका (पीभीटीजी) लागि स्वास्थ्य एवं पोषण शिविर तथा धरती आबा जनभागीदारी अभियान अन्तर्गत जनजातीय गाउँहरूमा सामुदायिक सेवा अभियान सामेल छन्। **(पीआईबी)**

रसगुल्ला दिवसमा सिलगढ़ीमा २० हजारभन्दा बढ़ी रसगुल्ला वितरण

सिलगढ़ी, १४ नोभेम्बर (हि.स.): बङ्गालको प्रसिद्ध मिठाई रसगुल्लाको लोकप्रियता र सांस्कृतिक पहिचानलाई प्रवर्द्धन गर्ने उद्देश्यले शनिवार सिलगढ़ीमा रसगुल्ला दिवस पालन गरियो। यस अवसरमा सेवक मोड़मा विशेष कार्यक्रमक आयोजन गरियो, जहाँ सिलगढ़ी शप ओनर्स एसोसिएशनको पक्षबाट बटुवा तथा सर्वसाधारणलाई २० हजारभन्दा अधिक रसगुल्ला वितरण गरियो। कार्यक्रममा राज्यका पर्यटनमन्त्री शङ्कर घोष मुख्य अतिथिका रूपमा उपस्थित थिए। उनले स्वयं मानिसहरूमाझ रसगुल्ला वितरण गरे अनि यस परम्परागत मिठाईको स्वाद चाखे। यस अवधि मन्त्री शङ्कर घोषले भने, ''रसगुल्ला मेरो मनपर्ने मिठाईहरूमध्ये एक हो।'' उनले बङ्गालको परम्परागत खाना र मिठाईलाई पर्यटनसँग जोड्ने कुरामाथि जोड़ दिँदै घोषणा गरे, आउँदो दिनमा राज्यका विभिन्न पर्यटकीय केन्द्र एवं टुरिज्म हबमा रसगुल्लालाई विशेष रूपमा प्रेरित गरिनेछ। यसका लागि पर्यटन विभागले आवश्यक पहल गरिरहेको छ। सिलगढ़ी स्वीट्स शप ओनर्स एसोसिएशनका संयुक्त सचिव विजय धरले भने, ''बङ्गालको रसगुल्ला र यसको धरोहरलाई जीआई ट्याग प्राप्त भएको उपलब्धिलाई अविस्मरणीय बनाउने उद्देश्यले हरेक वर्ष रसगुल्ला दिवस मनाइनेछ।''

वन तथा पर्यावरण विभागद्वारा चेक वितरणसहित बाल दिवस पालन



गान्तोक, १४ नोभेम्बर (आईपीआर): वन तथा पर्यावरण विभागले बाल दिवस २०२६ को अवसरमा 'मेरो रूख, मेरो सन्तति' अभियानलाई अझ सशक्त बनाउँदै राज्यभरि विभिन्न कार्यक्रम आयोजना गरेको छ। यसअन्तर्गत 'सिक्किम शिशु समृद्धि योजना' मार्फत चेक वितरण, सरसफाइ अभियान, बिरुवा रोपन कार्यक्रम र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरियो। यी गतिविधिहरूको मुख्य उद्देश्य वनसम्बन्धी पहलहरूलाई प्रवर्द्धन गर्नु र पर्यावरणीय चेतना अभिवृद्धि गर्नु रहेको थियो, जसमा राज्यका आगलागीको जोखिम बढ़ी भएका क्षेत्रहरूलाई विशेष प्राथमिकता दिइएको थियो।

नामली वार्डको नौ माइलमा आयोजित कार्यक्रममा क्षेत्र विधायक तथा सार्वजनिक लेखा समिति (पीएसी)-का अध्यक्ष सोनाम भेङ्गुड्पा मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए। कार्यक्रममा 'सिक्किम शिशु समृद्धि योजना' अन्तर्गत ४८ जना लाभार्थीलाई चेक वितरण गरियो। कार्यक्रममा पञ्चायत अध्यक्ष अम्बिका भट्टराई, पीएचई विभागकी अध्यक्ष छुमिला भोटिया, एसीएफ (एसीएफ) कर्मा सोनाम भोटिया, रानीपुलका रेञ्ज अधिकारी प्रणिता परियार, वन तथा पर्यावरण विभागका अधिकारी र अन्य हितधारकको उपस्थिति रहेको थियो।


त्यसैगरी, बुलबुलेस्थित रेडियो स्टेशनमा आयोजित कार्यक्रममा बोजोघारी दुई माइलकी वार्ड पार्षद् ओङ्देन भोटिया, गान्तोक (क्षेत्रीय)-का रेञ्ज अधिकारी आशिष गुरुङ तथा वन एवं पर्यावरण विभागका अधिकारीगणको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा 'सिक्किम शिशु समृद्धि योजनाअन्तर्गत १० जना लाभार्थीलाई चेक वितरण गरियो।

कुङ्गा निमा भोटियाको निधनमा शोक प्रकट

गान्तोक, १४ नोभेम्बरः सामाजिक स्वास्थ्य सङ्गठन (एएसएचआई) सिक्किमले आफ्ना कार्यकारी कुङ्गा निमा भोटियाको असामयिक निधनप्रति गहिरो शोक व्यक्त गरेको छ। सङ्गठनकी अध्यक्ष शारदा प्रधानद्वारा जारी विज्ञप्तिअनुसार भोटियाको निधनले सङ्गठनका कार्यकारिणी सदस्यहरूमा शोकको लहर छाएको छ।प्रकृतिको यस नियममा स्वीकार गर्दै दिवङ्गत आत्माले सायुज्य प्राप्त गरोस् भनी श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारमा शोकको यो घड़ी सहन गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनी सङ्गठनले कामना गरेको छ।

Printed, Published and owned by Mrs. Padam Maya Kharka and printed at Choices International, Daragaon, Tadong, Gangtok -737102, Sikkim and published at Kashiraj Pradhan Road, Nam Nam, Gangtok-737101, Sikkim. Associate Editor: Rajendra Pradhan, Editor: Mrs. Mala Rana Patro. Phone No. (03592) 231265, 7001336001, Fax: 231265. E-mail: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386
मुद्रण, प्रकाशन तथा स्वामित्व श्रीमती पदम माया खड्का, चोइसेस इन्टरनेशनल, डाँड़ागाउँ, तादोङ, गान्तोक-737102, सिक्किममा मुद्रित तथा काशीराज प्रधान रोड, नामनाम, गान्तोक-737101, सिक्किमबाट प्रकाशित। एसोसिएट सम्पादक: राजेन्द्र प्रधान, सम्पादक: श्रीमती माला राणा पात्रो। फोन नम्बर (03592) 231265, 7001336001, फ्याक्स: 231265। ईमेल: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386

आदिवासी शिक्षाको रूपान्तरण: 'एकलव्य' देखि उत्कृष्टतासम्म



सी.पी.राधाकृष्णन
उपराष्ट्रपति, भारत



मेरो सदैव के दृढ़ विश्वास रहिआएको छ भने कुनै पनि बच्चालाई शिक्षित गर्नु भनेको केवल उसको व्यक्तिगत भविष्य निर्माण गर्नु मात्र होइन। यसको उद्देश्य त परिवारहरूलाई रूपान्तरण गर्ने, समुदायहरूलाई सशक्त बनाउने र एक प्रगतिशील राष्ट्रको निर्माण गर्ने प्रक्रिया हो। जब मलाई झारखण्ड, महाराष्ट्र र तेलङ्गानाका आदिवासी क्षेत्रहरूमा सेवा गर्ने अवसर मिल्यो, तब मैले सधैँ आदिवासी शिक्षामा विशेष जोड़ दिएँ। मैले विश्वविद्यालयहरूलाई विद्यार्थीहरूलाई 'स्कूल कनेक्ट' कार्यक्रमसँग जोड्न आग्रह गरेँ, ताकि कुनै पनि बच्चा पछाड़ि छुट्न नपरोस्। आज, जब हामी भगवान बिरसा मुण्डाको जन्मजयन्तीको अवसरमा 'जनजातीय गौरव दिवस' मनाइरहेका छौँ – तब हामीले के कुरा याद राख्नुपर्छ भने उनी महान् आदिवासी स्वतन्त्रता सेनानीहरूमध्ये एक थिए। उनी साहस, बलिदान र औपनिवेशिक दमन विरुद्धको प्रतिरोधका प्रतीक हुन्। मलाई के लाग्छ भने हाम्रा सबै महान् आदिवासी स्वतन्त्रता सेनानीहरूप्रति साँचो श्रद्धाञ्जली व्यक्त गर्ने सबैभन्दा उपयुक्त तरिका आदिवासी बालकबालिकाका लागि शिक्षा र कौशल विकास प्रणालीलाई रूपान्तरण गर्नु हो। यसले उनीहरूलाई आफैँलाई मात्र नभई सम्पूर्ण समाजलाई पनि सशक्त बनाउन मद्दत गर्नेछ।

आज जब भारत हरेक क्षेत्रमा अघि बढ्नका लागि नयाँ बाटो तय गरिरहेको छ, तब 'एकलव्य मोडेल आवासीय विद्यालय' (ईएमआरएस) हरूले आदिवासी बच्चाहरूको लागि शिक्षाको परिदृश्यलाई एक नयाँ दिशा दिइरहेको छ।

यी आवासीय विद्यालयहरू आदिवासी बच्चाहरूका लागि उनीहरूको आफ्नो सामुदायिक परिवेशभित्र स्थापना गरिएका हुन्, जसको उद्देश्य उनीहरूको सर्वाङ्गीण विकास सुनिश्चित गर्नु हो। 'एकलव्य' नामले आफैँमा एक अत्यन्त प्रेरणादायी सन्देश समेटेको छ। महाभारतमा, एकलव्य एक यस्ता युवक थिए जसले औपचारिक शिक्षा प्राप्त गर्ने अवसर प्राप्त गरेका थिएनन्, तरै पनि उनले धनुर्विद्यामा निपुण हुन असाधारण समर्पण, अनुशासन र दृढ़ सङ्कल्प प्रदर्शन गरेका थिए। उनको कथाले हामीलाई के याद दिलाउँछ भने यदि प्रतिभाका साथै सिक्ने तीव्र इच्छाशक्ति छ भने ठूलाभन्दा ठूला बाधाहरूलाई पनि पार गर्न सकिन्छ। आज, 'एकलव्य मोडेल आवासीय विद्यालय' हरू यसै कथाको एउटा नयाँ अध्याय बनेका छन्। ईएमआरएस योजनाको माध्यमद्वारा हाम्रा आदिवासी बच्चाहरूले संस्थागत सहयोग र गुणस्तरीय शिक्षा पाइरहेका छन्, जसले उनीहरूलाई आफ्ना सपनाहरू साकार पार्ने अवसर प्रदान गरिरहेका छन्।

जनजातीय मामिला मन्त्रालयद्वारा कार्यान्वयन गरिएको यो योजना हाम्रा माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदी जीको दूरदर्शी नेतृत्वमा अझ नयाँ गति र नयाँ ऊर्जाका लागि अघि बढ़िरहेको छ। वर्ष २०१८–१९ को केन्द्रीय बजेटमा, श्रीमान् मोदी जीले यस योजनाको दायरालाई विस्तार गरे अनि वर्ष २०११ को जनगणना अनुसार, यस्ता प्रत्येक ब्लकमा एउटा ईएमआरएस (एकलव्य मोडेल आवासीय विद्यालय) स्थापना गर्ने परिकल्पना गरे, जहाँले अनुसूचित जनजाति (एसटी) को आबादी ५० प्रतिशतभन्दा अधिक छ र कम से कम २०,००० आदिवासी मानिसहरू बसोबास गर्छन्। यो एक कदममार्फत हाम्रा माननीय प्रधानमन्त्री जीले ती दुर्गम इलाकाहरूमा पनि सीबीएसई (केन्द्रीय माध्यमिक शिक्षा बोर्ड) सित सम्बद्ध शिक्षाको पहुँच पुऱ्याए, जहाँ पहिले यस्ता विद्यालयहरूको सुविधा थिएन।

ईएमआरएस योजना आफ्नो संरचना र उद्देश्यका हिसाबले विशिष्ट छ। यसको मुख्य उद्देश्य आदिवासी बच्चाहरूका लागि समावेशी र समतामूलक शिक्षामा विशेष जोड़ दिनु हो। अन्य विद्यालयहरूमा अनुसूचित जनजातिहरूका लागि ७.५ प्रतिशत आरक्षणको व्यवस्था भए तापनि ईएमआरएस विद्यालयहरूमा कम से कम ९० प्रतिशत विद्यार्थीहरू आदिवासी समुदायबाट आएका हुन्छन्। अझ खुशीको कुरा त के हो भने, कुल सिटमध्ये ५० प्रतिशत छात्राका लागि आरक्षित गरिएको छ, जुन एक अत्यन्त सकारात्मक कदम हो। यहाँ भर्ना प्रक्रिया राज्यस्तरीय प्रवेश परीक्षाका माध्यमबाट सञ्चालन गरिन्छ, जसमा स्थानीय विद्यार्थीहरूलाई प्राथमिकता दिइन्छ।

यदि हामीले ईएमआरएसको विकासक्रमलाई हेर्यौँ भने, यसलाई दुई चरणमा विभाजन गर्न सकिन्छ। वर्ष १९९७ देखि २०१८ सम्म चलेको पहिलो चरणमा कुल २८८ विद्यालयहरूलाई मञ्जुरी दिइएको थियो। यस पहिलो चरणमा विभिन्न संरचनात्मक चुनौतीहरू देखा परेका थिए। वर्ष २०१८ देखि शुरु भएको 'ईएमआरएस २.०' योजनाको मुख्य विशेषता भनेको आदिवासी बालकबालिकाहरूलाई शिक्षा प्रदान गर्ने अधिल्ला मोडेलहरूमा रहेका कमी–कमजोरीहरूलाई सम्बोधन गर्नु हो। यस योजनाले 'पहिलो पिँढ़ीका शिक्षार्थी' (परिवारमा पहिलो पटक शिक्षा लिइरहेका बालकबालिका) मा विशेष जोड़ दिन्छ र उनीहरूले सिकाइका क्रममा सामना गर्न सक्ने अन्तरलाई पनि पहिचान गर्छ। यी चुनौतीहरूलाई सम्बोधन गर्नाका लागि 'लर्निङ ग्याप असेसमेन्ट' (सिक्ने अन्तरालको मूल्याङ्कन), ब्रिज कोर्स र उपचारात्मक कक्षाहरूको माध्यमद्वारा व्यवस्थित शैक्षिक सहयोग प्रदान गरिन्छ। प्रारम्भिक कक्षाहरूमा द्विभाषी शिक्षण विधि अपनाइन्छ, जसले बालक–बालिकालाई आफूले बुझ्ने परिचित भाषामा सहज रूपमा सिक्न मद्दत गर्छ; त्यसपछि क्रमशः अङ्ग्रेजी भाषालाई शिक्षणको माध्यमका रूपमा अपनाइन्छ। जनजातीय मामिला मन्त्रालयबाट यो जानकारी पाउँदा मलाई खुशी लागेको छ कि यस वर्षदेखि 'ईएमआरएस ३.०' पनि सञ्चालनमा ल्याइएको छ। ईएमआरएस २.० मा एक अर्को महत्वपूर्ण कदम भनेको २०१९ जनजातीय आदिवासी मामिला मन्त्रालय अधीन राष्ट्रिय आदिवासी विद्यार्थीहरूको लागि शिक्षा समाज (एनईएसटीएस) को स्थापना थियो जसको उद्देश्य ईएमआरएसको स्थापना गर्नु, यसलाई संसाधन उपलब्ध गराउनु, यसको रखरखाउ गर्नु, यसमाथि नियन्त्रण गर्नु र यसको प्रबन्धन गर्नु हो। प्रत्येक बालकबालिकाले सही शैक्षिक आधार प्राप्त गर्ने कुरा सुनिश्चित गर्न, एनईएसटीएसले नयाँ भर्ना भएका सबै कक्षा ६ का विद्यार्थीहरूको लागि व्यक्तिगत सिकाइ आवश्यकताहरूको मूल्याङ्कनमा आधारित ६५ दिने ब्रिज कोर्स अनिवार्य गरेको छ। समर्पित अङ्ग्रेजी मोड्युलहरूको माध्यमद्वारा आधारभूत सिकाइ अन्तरहरूलाई सम्बोधन गर्ने र सञ्चार कौशलहरूलाई बलियो बनाउने कुरामा विशेष जोड़ दिइँदैछ।

हाल ईएमआरएसको प्रबन्धन एनईएसटीएस र मन्त्रालयद्वारा तय गरिएका दिशानिर्देश र नियमहरू अनुसार राज्य सरकारका सोसाइटीहरूद्वारा गरिन्छ। हरेक जिल्लामा, जिल्ला कलेक्टरको देखरेखमा एक जिल्ला स्तरीय समितिले विद्यालयहरूको सञ्चालन प्रक्रियाको निगरानी गर्छ अनि हरेक विद्यालयको लागि एक प्राचार्य नै मुख्य प्रभारी हुन्छन् जवाफदेहितालाई मजबुत गर्न, ईएमआरएसको कार्यसम्पादनमा आधारित 'जिल्ला वरीयता प्रणाली' लागू गरिएको छ, जसले विभिन्न विभागहरूबीच समन्वय बढ़ाउन र समस्याहरूको समयमै समाधान गर्न मद्दत गर्दछ। यस अतिरिक्त, प्रत्येक विद्यालयको वार्षिक कार्यसम्पादन मूल्याङ्कन गर्न ३१ वटा सूचकहरू समेटिएका सातवटा क्षेत्रहरूमा आधारित 'मुख्य कार्यसम्पादन सूचकाङ्क' पनि तयार पारिएको छ।

ईएमआरएस २.० अन्तर्गत, आदिवासी बाहुल्य क्षेत्रहरूमा ४४० नयाँ विद्यालयहरू स्वीकृत गरिएका छन्। यसका लागि दुई मुख्य शर्तहरू तोकिएका छन्: सम्बन्धित क्षेत्रमा अनुसूचित जनजाति (एसटी) को आबादी ५० प्रतिशत भन्दा अधिक हुनुपर्छ र त्यहाँ कम से कमा २०,००० आदिवासी मानिसहरू बसोबास गरेको हुनुपर्छ। शुरुआतमा, मैदानी इलाकाहरूमा प्रति विद्यालय पूँजीगत लागत २० करोड़ रुपियाँ तय गरिएको थियो; जबकि पूर्वोत्तर, पहाड़ी र वामपन्थी उग्रवाद प्रभावित (एलडब्ल्यूई–एफेक्टेड) क्षेत्रहरूका लागि २४ करोड़ रुपियाँ तोकिएको थियो। वर्ष २०२१ मा यो पूँजीगत लागतलाई बढ़ाएर क्रमशः ३७.८० करोड़ रुपियाँ र ४८ करोड़ रुपियाँ पुऱ्याइएको छ। चालू वित्त वर्ष २०२६–२०२७ को शुरुआतदेखि, प्रति विद्यार्थी अधिकतम वार्षिक खर्च सीमा १,४७,३५६ रुपियाँ तय गरिएको छ। यसमा विद्यार्थीहरूका लागि गरिने प्रत्यक्ष खर्चहरू – जस्तै खाना (मेस), पोशाक, पाठ्यपुस्तक, चिकित्सा खर्च, सीबीएसई शुल्क र अन्य सह–पाठ्यक्रम गतिविधिहरू सामेल छन्।

हालै मलाई जनजातीय मामिला मन्त्रालयको तर्फबाट एक प्रस्तुतीकरण दिइएको थियो। यो थाहा पाउँदा मलाई धेरै खुशी लाग्यो कि हाल ईएमआरएसमा कुल १,७२,९५२ विद्यार्थीहरू भर्ना भएका छन्, जसमध्ये ८४,६३६ छात्र र ८८,३१७ छात्राहरू छन्। राज्यगत रूपमा हेर्दा, सबैभन्दा बढ़ी ईएमआरएस विद्यालयहरू ओडिशा (११४ विद्यालय स्वीकृत), झारखण्ड (९१), छत्तीसगढ़ (७५), मध्य प्रदेश (७१) र गुजरात (४७) मा रहेका छन्। छत्तीसगढ़ र मध्य प्रदेश राज्यहरूमा सबैभन्दा अधिक विद्यार्थीहरू भर्ना भएका छन्, जहाँ क्रमशः २८,८८४ र २६,८५७ विद्यार्थीहरू अध्ययनरत छन्। एकलव्य मोडेल आवासीय विद्यालयहरू (ईएमआरएस) मा शिक्षा भनेको केवल कक्षाकोठाको पढ़ाइ मात्र होइन; यो त आदिवासी विद्यार्थीहरूको सर्वाङ्गीण विकास र सशक्तिकरण हो। यसको उद्देश्य उनीहरूलाई तीव्र गतिमा परिवर्तन भइरहेको विश्वमा उत्कृष्ट बन्न आवश्यक ज्ञान, कौशल र आत्मविश्वासले सुसज्जित गर्नु हो। हामी कक्षाकोठाको सिकाइलाई रूपान्तरण गर्न प्रविधिको पनि प्रयोग गरिरहेका छौँ। एनईआईटीवाई (इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालय) र अन्य योजनाहरूसँगको साझेदारीमा ३६५ वटा ईएमआरएस विद्यालयहरूमा 'स्मार्ट बोर्ड' कनेक्ट गरिएका छन्। 'मेधा एआई' प्लेटफर्मले शिक्षकहरूलाई पाठ योजना बनाउन, विषयवस्तु प्रस्तुत गर्न र विद्यार्थीहरूको मूल्याङ्कन गर्न सहयोग पुऱ्याउँछ, जसले सिकाइलाई अझ बढ़ी व्यक्तिगत र प्रभावकारी बनाउँछ।

आदिवासी समुदायहरूको विरासत, संस्कृति र परम्पराहरूको संरक्षण र प्रवर्द्धन गर्नाका लागि ईएमआरएसमा 'ट्राइबल कर्नर' स्थापना गरिएका छन्। पर्याप्त जमिन उपलब्ध भएका नयाँ विद्यालयहरूमा खो–खो, बास्केटबल, रनिङ ट्र्याक र तीरन्दाजी जस्ता खेलकुद सुविधाहरूको व्यवस्था गरिएको छ। विद्यालयहरूमा व्यावसायिक तालिम केन्द्रहरूका साथै कला, सङ्गीत र सांस्कृतिक गतिविधिका लागि पनि स्थानहरू छुट्याइएका छन्। 'सङ्कल्प' परियोजना अन्तर्गत, सीबीएसईका निर्देशिकाहरू अनुरूप कौशलमा आधारित विषयहरू पनि सामेल गरिएका छन्।

ईएमआरएसका विद्यार्थीहरूका उपलब्धिहरू 'जनजातीय गौरव दिवस' को भावनाप्रति एक उपयुक्त सम्मान हुन्। मलाई धेरै गर्व लाग्छ कि ईएमआरएसका विद्यार्थीहरू अहिले आईआईटी, एआईआईएमएस र अन्य प्रतिष्ठित उच्च तथा व्यावसायिक शिक्षण संस्थाहरूमा प्रवेश गरिरहेका छन्। आईआईटी रुड़कीमा अध्ययन गरी हाल लण्डनमा बार्कलेज कम्पनीमा 'डेटा साइन्टिस्ट' का रूपमा कार्यरत रोहितदेखि लिएर 'मिलिटेरी नर्सिङ सर्भिस' मा क्याप्टेनका रूपमा सेवा गरिरहेकी सिम्रनसम्म – यी युवा उपलब्धि हासिल गर्ने विद्यार्थीहरूले शिक्षाको रूपान्तरणकारी शक्तिलाई प्रमाणित गरेका छन्। भारतीय वरिष्ठ महिला बास्केटबल टोलीको प्रतिनिधित्व गरेकी निमा डोमा भोटियाको सफलता र छत्तीसगढ़का पीभीटीजी (विशेष रूपमा कमजोर आदिवासी समूह) विद्यार्थीहरूको उल्लेखनीय शैक्षिक उपलब्धिले यस सन्देशलाई अझ बलियो बनाउँछन्। हाम्रा आदिवासी बालकबालिकाहरूले कुनै सीमा बिना सपना देख्नुपर्छ, उत्कृष्टताको खोजी गर्नुपर्छ र आत्मविश्वासी नेता, नवप्रवर्तक तथा राष्ट्र–निर्माताका रूपमा अघि आउनुपर्छ।

भगवान् बिरसा मुण्डाले आफ्ना अधिकार र सम्मानका लागि उभिन धेरै पुस्ताहरूलाई प्रेरित गरेका छन्। ईएमआरएसले आजका आदिवासी युवाहरूलाई शिक्षा, ज्ञान र उपलब्धिका माध्यमबाट आफ्ना सपनाहरू साकार पार्न सशक्त बनाइरहेको छ।

'जनजातीय गौरव दिवस' को वास्तविक भावना यही हो – हाम्रो गौरवशाली अतीतलाई सम्मान गर्नु र साथै हाम्रा जनजातीय समुदायहरूलाई 'विकसित भारत २०४७' को भविष्य निर्माण गर्न सशक्त बनाउनु। यो हाम्रा माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदी जीद्वारा गरिएको एक ओजस्वी आह्वान हो।

एनसीआरमा प्रदूषण फैलाउने १९१ उद्योग तत्काल सिल गर्न निर्देश ३० नोभेम्बरसम्म एएनपीआर क्यामेरा जड़ान नगरे कारबाही

नयाँ दिल्ली, १४ नोभेम्बर (हिस): केन्द्रिय पर्यावरण मन्त्री भूपेन्द्र यादवले दिल्ली–एनसीआरमा वायु प्रदूषण नियन्त्रण गर्न प्रदूषण फैलाउने १९१ वटा उद्योग तत्काल सिल गर्न निर्देश दिएका छन्। उनले आगामी ३० नोभेम्बरसम्म एएनपीआर क्यामेरा जड़ान नगरे सम्बन्धित परिवहन विभागका अधिकारीहरू विरुद्ध आपराधिक कारबाही गरिने चेतावनी दिएका छन्। केन्द्रिय पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्रालयले शनिवार दिल्ली, हरियाणा, उत्तर प्रदेश र राजस्थानमा प्रदूषण नियन्त्रणका उपायहरूको समीक्षा गरेको थियो। यस क्रममा यादवले राज्यहरूलाई योजनामा मात्र सीमित नभई निर्धारित समयभित्र समन्वयात्मक रूपमा जमीनी स्तरमा काम गर्न निर्देश दिए।बैठकमा हरियाणाका सात, उत्तर प्रदेशका चार र राजस्थानका चार शहरका लागि सचिवस्तरका अधिकारीहरूलाई जिम्मेवारी सुम्पन भनिएको छ। ती अधिकारीहरूले स्थलगत निरीक्षण गरी प्रत्येक साता वायु गुणस्तर व्यवस्थापन आयोग (सीएक्यूएम) लाई प्रतिवेदन बुझाउनेछन्। आयोगलाई काममा लापरबाही गर्ने अधिकारीहरूलाई नोटिस जारी गर्न पनि भनिएको छ। केन्द्रिय मन्त्री भूपेन्द्र यादवले केन्द्रिय प्रदूषण नियन्त्रण बोर्डलाई वायु प्रदूषण नियन्त्रण उपकरण जड़ान गर्न अहिलेसम्म आदेश समेत जारी नगरेका १९१ वटा उद्योग तत्काल सिल गर्न निर्देश दिए। उनले ग्रेडेड रेस्पोन्स एक्सन प्लान (जीआरएपी) तथा शीतकालीन कार्ययोजनाहरू कड़ाइका साथ कार्यान्वयन गर्न पनि निर्देश दिए।

उनले सड़कको धुलो नियन्त्रण अन्तर्गत ५ हजार ४८० किलोमिटर सड़क नवीकरण गर्ने लक्ष्यको तुलनामा हालसम्म ३ हजार २२१ किलोमिटर सड़कको काम पूरा भएको बताए। उनले सड़क सफाइ गर्ने मेसिनहरू दुई सिफ्टमा सञ्चालन गर्न, एनसीआरका २३३ वटा ट्राफिक जाम हुने स्थानमा सुधारात्मक कदम चाल्न तथा दिल्लीको सीमामा रहेका १५४ प्रवेश बिन्दुमा आगामी ३१ दिसम्बरसम्म मल्टीलेन फ्रि फ्लो प्रणाली जड़ान गर्न निर्देश दिए। सवारीसाधनबाट हुने प्रदूषण नियन्त्रण गर्न साल २०२८ सम्म पुराना ट्रक र बसहरूलाई बीएसद्ध६, सीएनजी तथा विद्युतीय सवारीसाधनले प्रतिस्थापन गर्ने योजनालाई तीव्रता दिन पनि भनिएको छ।

औद्योगिक प्रदूषणका सम्बन्धमा लक्षित २ हजार ३४५ उद्योगमध्ये २ हजार २९८ उद्योगलाई अनलाइन उत्सर्जन निगरानी प्रणालीसँग जोड़िसकिएको जानकारी दिइयो। बाँकी ४७ वटा उद्योग बन्द वा सिल गरिएका छन्।

GOVERNMENT OF SIKKIM,
ROADS AND BRIDGES DEPARTMENT,
DISTRICT SORENG.

NIT No.: 01/GOS/R&B/DIV/SRG/311 Date: 05/11/2026

NOTICE INVITING TENDER

For and on behalf of the Governor of Sikkim, Divisional Engineer (Soreng), Roads and Bridges Department invites sealed tenders under single bid system from the eligible contractors of Class III Grade, enlisted with the Sikkim Public Works Department through competitive bidding within 27-Bermiok Berthang GPU,where the works are to be executed, for the execution of the work with the details as under :-

Sl. No.	Name of work	Bid security 2.5% of the bid value	Bid value	Cost of tender/ bid form)	Completion period
1.	Providing protection and drainage works along Rungdu school to Rangsang dovan road	₹ 3.39 Lakh	₹ 135.46 Lakh	₹ 0.50 Lakh	9 Months

Note: The Earnest Money Deposit indicated in the above table is exempted for all Enlisted Women Contractors participating in the bidding process. In case of such bidder being accepted as L1 bidder, the issue of the Work Order shall be governed by Notification No:104/R&B Dated 08/10/2020.

Sl. No.	Particulars	Date & Time
1	Date of submission of application along with Bank receipt	18/11/2026 up to 1200 hrs.
2	Date of issue of Tender Documents and Tender Form	19/11/2026 up to 1600 hrs.
3	Submission of bid documents	20/11/2026 up to 1200 hrs.
4	Opening of bid documents	20/11/2026 at 1400 hrs.
5	Place of opening of bids	Office of the Divisional Engineer, Roads and Bridges Department, Government of Sikkim, Soreng.

CONDITIONS OF CONTRACT:-

1. The intending tenderers/contractors should apply in writing for issue of tender documents. The application would invariably be signed by the contractor himself/herself. The tender document shall not be issued to any person other than the INTENDING TENDERER.
2. The applicants should enclose attested copies of the following along with the application
   a) Validated/Updated Contractor Enlistment Certificate. Further, it is mandatory to produce the Original validated/Updated Enlistment Certificate during sale/issue of the Tender Document for verification
   b) Latest Goods & Service Tax Clearance Certificate issued from the office of the Commercial Tax(To be submitted by the successful bidder only before issuance of Work Order as per Notification No: 07/GOS/CTD/2018-2019, dated: 27/06/2018
   c) PAN card.
   d) Photo copy of latest voter ID card with both side printed for proof of their territorial constituency.
   e) Bank Receipt in original.
3. The prescribed Non-Transferable Tender Documents can be obtained from the office of the Accounts Officer, Roads and Bridges Department, on production of requisite Bank Receipt of the State of Sikkim (non-refundable) under the receipt Head "0059-80-800.01-other receipts", during the time schedule mentioned above.
4. Earnest Money Deposit @ 2.5% of the cost put to tender shall be deposited in the form of Temporary Deposit Receipt/Fixed Deposit Receipt/Bank Guarantee from State Bank of Sikkim or any nationalized bank in favor of the Accounts Officer, Roads & Bridges Department, Soreng. Tender form shall be issued only on production of the same. In case of the Enlisted Women Contractors participating in the bidding, the cost of the Earnest Money Deposit shall be governed by Notification No:104/R&B Dated 08/10/2020.
5. The soft copy of the BOQ shall be provided along with the tender documents on submission of Earnest Money Deposit as mentioned vide sl. no. 4. The intending bidder shall submit his/her bid in the printed format as per the soft copy of the BOQ provided. In case the bidder submits the bids in hand written format, the same shall be summarily rejected.
6. The tenderer shall inspect the site and have their own and correct assessment before submitting the bid.
7. The Tender Documents, including the Tender Form with quoted offer in the BOQ provided should be placed in a sealed cover with the name of the tenderers and the name of the work superscripted on it. The Tenderer should sign on every page of the tender documents as acceptance of the general direction and conditions of the contract and other laid down norms. Supporting documents listed vide Sl No. 2 should be enclosed with the offer.
8. Sealed tenders may be deposited in the Tender box in the office of the Superintending Engineer (Soreng), Roads and Bridges Department, Soreng, on the date and within the time indicated above.
9. The rate quoted should be both in figures and words and should be inclusive of GST and all other Taxes in vogue.
10. Over writing and correction should be avoided and if made should be authenticated. Incomplete/Conditional tenders shall be rejected forthwith.
11. Tenders will be opened by the Tender Opening Committee as prescribed by the Government in the presence of the tenderers on the date and time indicated above.
12. In case of any discrepancy in the specifications printed in the BOQ issued with the tender documents, specifications as per approved Schedule of Rates-2020 will be taken as correct. For items outside the SOR, the decision of the Principal Chief Engineer cum Secretary/ Head of the Department will be final.
13. The Department reserves the rights to with hold payments to the contractor unless test certificates are produced by the contractor when called upon to do so.
14. Avoidable damages due to negligence of the contractor shall be at his/her own risk and cost. The Department shall not be liable for payment of such damages (if any), including accidents to labour at site.
15. The offer shall remain valid for a period of 90days. The work should commence within 15 days from the date of issue of work order.
16. All the conditions as mentioned in the NIT shall be deemed to be a part of the agreement to be entered with the contractor. Security deposit shall be collected by deductions from the running bills of the contractor @ 5% of the value of work done.
17. The Department reserves the right to accept or reject any or all tenders without assigning any reason thereof.
18. The recoveries i/c deduction of taxes and duties as applicable shall be as per the rates notified by the Government from time to time and as applicable on the date of payment.
19. Subletting of contract work is against the norms and if it comes to the notice, the original contract shall be cancelled and appropriate action shall be initiated as per the rules.
20. In case of manpower employed by the contractor are from outside the State or neighboring countries, it shall be the responsibility of the contractor to get them registered with the Labour Department, Government of Sikkim as per the relevant Labour Laws.
21. The contractor shall also make arrangements to have photographs of the works taken up at least of three stages during the construction period. i.e. beginning, middle and completion stage.
22. Quarrying of non-stock materials shall be allowed only from designated/approved quarries.
23. The specifications in execution of the works are to be followed as per the guidelines laid by the Ministry of Road Transport & Highways (MoRTH).
24. Damage to properties in and around the work site must be avoided at all cost. The contractor shall be held responsible for any act of negligence and shall bear the responsibility to repair/restore such damage.
25. Expenditure involved for material testing like cube strength of concrete, crushing strength of road metals and other mandatory test etc., at site or in laboratories shall be borne by the contractor. The contractor shall make necessary arrangements accordingly as and when instructed by the concerned authorities.
26. The cost of stock materials and bridges parts if any supplied from the Departmental store will be deducted from the contractors' bills as per the prevalent recovery rate.
27. Defect liability period shall be as prescribed under notification vide memo no:-06/PWD/R&B/Secy/20286-27 dated 10/09/2026.

RO NO: 261/IPR/PUB/Classi/2026-27
Date: 13.11.2026

Divisional Engineer (Soreng)
Roads and Bridgs Departmenet,
Government of Sikkim.

साहित्य
हिमाली बेला
४
वर्ष–२०; अङ्क–३०२; वि.सं. २०८३, कात्तिक २९ गते; गान्तोक, आइतवार, १५ नोभेम्बर, २०२६

कथा

काइँलाको कटाक्ष कान्छालाई



✍ धन 'नीरव' प्रधान
तुरूक, नाम्ची सिक्किम

मान्छे कि त करोड़पति हुनुपर्‍यो कि त रोडपति हुनुपर्‍यो सबैले चिन्दछन् यस केटेगोरिकाहरूलाई। हामी भर्यौं मध्यम वर्गीय कोही पाँच सय कोही बेला हजारपतिसम्म। यसैले त हामी बीचको साँघुको काम गर्नेहरूको त्यति खोजी खबर, निन्दा चिन्ता कमै हुन्छ। यस्तै कम मान्छेले चिनेको कारणले म पनि कतिवटा विषयबाट ओझेलमा परेको छु, मैले गरेका कामहरू.. सामाजिक, साहित्यिक हुँदै सरकारी कामसम्मको कुरा थाहा छैन धेरैलाई।

अब शुरु गर्नु परो त्यो प्रसङ्गबाट उब्जेको मेरो मानसिक स्थिति खलबलाएको एउटा कथा। त्यो पँधेराघरे बाबैले मलाई पत्रु जस्तो पात्र बनाएर भन्न खोजेको मेरो कथा। पात्रलाई कमजोर देखाएर, तनावग्रस्त बनाएर, ऊ तानाशाह बन्ने निर्दयी कथाकार..?

...गाउँ बस्तीमा मान्छे बसेपछि एकाअर्काको भर भएर बस्नुपर्ने हुन्छ। माटो र ढुङ्गा जस्तो। बिहे, मरौदेखि, छेवर सेवरदेखि, घर पैँचोसम्ममा आफूले जानेको विश्वास गरेर दिएको दायित्व पूरा गरीदिनु पर्ने। यसैले गाउँमा बिहे कार्जे हुँदा मलाई हाम्रो गाउँमा धेरैजसो खजन्तिको भार दिने गर्दछन्। यसलाई म परम दायित्व सम्झी पूरा गरिदिन्छु र घरपति बाबै र आमैको मुहारमा त्यो पैसाको झोला थमाउँदा अनुहारमा आएको उज्यालो पनलाई हेर्छु। यसैले होला गाउँलेहरूले यो काम मलाई सुम्पेर ढुक्क हुने गर्दछन्।

प्रसङ्ग लक्षीमायाको बिहेको हो। लगभग अढ़ाई तीनसय घरलाई निम्तो थिएछ। त्यहाँ पनि मलाई खजन्तिको भार दिएको थियो। तल्लोघरे घनश्याम काका र म यस काममा खटेका थियौं। टाढा–नजिक सबैतिरका निम्तारूहरू , पाहुनाहरू आए, नमस्कार गरे आफ्नो जेथा अनुसारका लिफा बुझाए।

कोही रम–रक्सी बेसी नै पिएर लटपटिँदै आएर लिफा थमाए। पुनः त्यही मान्छे पाँच–छपल्ट आएर 'मैले लिफा दे कि दिन?' पनि सोधे। आफ्नो दायित्व लिएर बसेपछि त्यस्ता सामान्य र रमाइला कुराहरू सुन्दै, हेर्दै बस्नु पर्‍यो।

त्यो चौकी नै त्यस्तो हो, तर यो बिहेमा मलाई मेरो साइनोले पनि आफन्त पर्ने पँधेरा घरे काइँला बाबैले मप्रति अति अभद्र दृष्टिकोण राखेर जुन कटुवचन प्रहार गर्‍यो, त्यसले मेरो मन, विचार र दिमागको तन्तुलाई महिनौ दिन गिजोली बस्यो। उनी उमेरले मात्र मभन्दा पाको र,छ। विचारले त धेरै तऽऽऽ पऽऽऽ गाको र,छ। जहिल्यै आफ्नो अगाड़ि उभिनसाथ हिना बाबै भने तर मेरो हिनालाई उसको पिना खाको जस्तो कुराले हरेस बनायो।

''हन तँलाई त यो गाउँकाहरूले यसैको लागि अडर दे,र राखेको छ क्या! जहाँ पनि तँलाई देख्छु।''

यहाँसम्म त ठिकै थियो तर ''तँ पनि यतिमै सीमित हुने र,छस् तँ यहाँ देखि माथि जान नसक्ने र, छस् जिन्दगीमा'' हो यो कुरा र कटाक्षले मलाई एकक्षण लथालिङ्ग पार्‍यो। आखिर बाबैले किन यस्तो कटाक्ष गरे मलाई, गाउँका निम्ति एउटा भार निभाइरहेको थिएँ म तर बाबैले मलाई पृथ्वीमा एउटा भार भएर निष्क्रिय, नियास्रो र खस्रो पात्रको रूपमा टिप्पणी गरेर उसको नजरमा यहाँदेखि माथि मान्छे बने म?

कसैले आफ्नो मनोरञ्जन लिनको निम्ति गरेका हर्कत, व्यवहार अन्य कसैको पीड़ादायक क्षण बन्दछन्। यो विषय सिद्धान्तवादीसम्मले गरेका छन्।

पँधेरा घरे बाबैको निम्ति त्यो कटाक्ष मनोरञ्जन बन्यो होला तर मेरो निम्ति त्यो मलाई बिथोल्ने विषय बन्यो।

फेरि बाबैलाई त्यो उसको खैराते बोलीको पश्चताप भयो होला र!! किन पो मैले त्यसलाई तेसो भने भन्ने विचारले निचोरे होलान्? तर मलाई भने त्यो लक्षीमायाको बिहे भएको एक वर्ष बितिसक्दा पनि काईंला बाबैको कटाक्षले घरिघरि पिरोली रहेको छ।

मैले कस्तो पात्र हुन चाहन्छु, मैले मेरा परिवार पाल्न उसको घरको पिँढ़ीमा पैँचो माग्न पुगिन, मैले उनीबाट एकै रुपियाँ पनि सापट लिएको पनि छैन। साइनो पर्ने मेरो उनी भनेर उनको अघि जहिले आदर स्वरूप शिर झुकाएर ढोग गरेकै हो। तर मैले जुन् इज्जत र आदर गरे त्यसको बाबैले उचित कदर गरेनन्। अनि मलाई यस्तो पत्र बनायो बाबैले। माहोल हेरी कुरा गर्न जान्नु नै मान्छेको बुद्धिमत्ता हुन जान्छ। नत्र त सुरोको फेला परेको बेलामा बाबैको बोलीले उसको टोपी उड्न के बेर?

त्यो म बसेको छेउमा मलाई आदर्श पात्र मान्ने भाइहरू थिए। मैले गरेका साहित्यिक कार्य एवम् उपलब्धिमा मलाई सधैँ एकजना सकारात्मक पात्र, धीरूदत्त पात्र, धीरललित पात्र मानेर मेरो पाइलाहरूको प्रशंसा गर्ने प्यारा भाइहरू थिए। भनौं जेनजीहरू थिए।

उनीहरूकै छेउमा मलाई काइँला बाबैले कटाक्ष गर्दा मैले उनीहरूका नजरमा हिनताबोध गर्नु परेको थियो। फेरि म साह्रै धीरप्रशान्त पात्र हुँ, यसैले सहने बानी मेरोमा पर्याप्त छ, र नै प्रतिक्रियामा काइँला बाबैलाई केही भनिन, भन्ने सकिन। यही तत्काल केही भन्न नसक्ने प्रवृत्तिले जिन्दगीमा धेरै ठाउँहरूमा मैले यस्ता क्षणहरूबाट गुज्रिनु परेको छ। काइँला बाबैलाई पनि कुनै प्रतिक्रियाहरू गरिन मैले तर उसको तेरो जिन्दगी यतिमै सीमित र,छ भन्ने भनाइले मलाई एउटा पीड़ाको रापले पोलिरह्यो, पिरोलिरह्यो।

यसरी लेखेर, यतिसम्म लेखेर मनलाई शान्त बनाको छु। अब यस लेखलाई हिमाली बेलामा बेलैमा छपाउनु पर्‍यो। छापिएर आएपछि एकप्रति काइँला बाबैलाई पनि पठाउनु पर्‍यो भन्ने विचारले लेख टुङ्ग्याउन लागेको थिएँ, बाहिरबाट पूरण भाइले मलाई बोलाउँदै रहेछ।


'किन?' भनी बाहिर आएँ।

उसले भन्यो, ''यही असोज बाह्र गते आइतवारको दिन पाखाघरे माइलाकी जेठी छोरी प्रकृतिको बिहे छ। उसैको निम्तो बाड़ुँदै आको।' यति भनेर उसले दुईवटा सुपारीको पोको निकालेर ''यो दुई गेड़ा चाँहि बिहे मान्ने अनि यो दुई गेड़ा चाँहि खजन्ति बस्ने..'' भनी राखेर गयो।

अब त्यस दिन त्यहाँ काइँला बाबैले म कान्छो नातिलाई के भनेर कटाक्ष गर्ने हुन् अहिलेदेखि एड्भान्स पीरमा छु।

कथा

प्रतीक्षारत आँखाहरू



✍ डा. पुष्करराज भट्ट

चाड़पर्व भन्नु आफैमा तनावको कारण बन्दछ। अलग–अलग ठाउँमा बसाइ हुनु पनि कष्टकर नै हो। अझ ससाना बालबालिका भए त झन कठिन हुने गर्छ। आफ्नो मन त जसोतसो बुझाउँछु तर बालबालिकाको जिद्दीपनाको सामना गर्ने? असहज परिस्थितिको सामना गर्न पुग्छु म। यसपालि पनि यस्तै अवस्था छ। श्रीमान घर आउने कुनै छाँट छैन। कुनै खबर आएको छैन। आफैले सम्पर्क गर्ने सोच बनाएकी छु तर...। परिस्थिति अनुकुल हुन्छ या हुँदैन। म यसै भन्न सक्दिन।

''इज्या, बा कब घर औन्या हुन्?'' (आमा, बुवा कहिले घर आउनु हुने हो?) सानो बालक सुनिल बिहानबिहानै बोल्यो।

''आब एक दुई दिनमा पुगिजान्ना, गौःरा बेला लै हो। कसो नाइँ पुगुन्ना?'' (अब दुई दिनमा पुगिहाल्नुहोला। गौःरा पर्वको बेला पनि हो। कसो नपुग्युहोला?) मैले पनि सम्झाउने प्रयास गरेँ।

मैले कतिचोटि भनेँ, ''श्रीमानलाई, अब एक्लाएक्लै बस्न सकिन्न। सँगै बस्ने वातावरण मिलाउनुस्।''

अहँ, उहाँले जवाफ दिएको सुनिएन।

एक दिन निकै लामो वचनपछि उहाँले भन्नुभयो, ''हामीले भनेजस्तो कहाँ हुन्छ। सबै कुरा मिलाउनु पर्छ।''

''के मिलाउनुपर्छ?'' म पनि त्यसै छोड्ने पक्षमा थिएन।

''बुढ़ा आमाबाबुलाई हेर्ने कोही छैन। पहाड़को खेतबारी, वस्तुभाउ सबै थोक कहाँ हाल्ने? भाइका परिवार पहिल्यै तराई गइसके।'' उहाँले भन्नुभयो।

''तपाईंको आशय मैले बुझिसकेकी छु। भैगो, अहिले यो कुरा नगरौं।'' यति भनेर चुप लागेँ म।

''वर्षमा एक, दुई पल्ट परिवार भेट्ने मौका मिल्दछ चाड़पर्वका बेला। घरबाट टाढ़ा हुनुको अर्थ धेरै कुराबाट टाढ़ा हुनु हो। आउन जान यति समय लाग्छ कि एक, दुई दिनमा विदा सकिइहाल्छ। पर्वका बेला घरका सबले आश मान्छन्। घर मात्र कहाँ हो र? विवाह गरेर गएका दिदीबहिनी पनि आश मानेर बस्छन्।''

एउटा पर्वपछि अर्को पर्वसम्म आइपुग्दा कहिलेकाहीं त वर्ष दिन नै लाग्दछ। अघिल्लो विजयादशमीदेखि छर गएको छैन ऊ। कामको बोझ यति हुन्छ कि घरपरिवारलाई अब सम्झेर मात्र बस्नुपर्छ। भेटन हुने समय पर्खंदा कम्तिमा पनि छ महिना हुन्छ। यति लामो श्रीमानको प्रतीक्षा अब असह्य भइसकेको छ। दोहारो बसाइले खर्च पनि त्यतिकै छ। ससाना बच्चाहरू बाबुको निकटता चाहन्छन् तर बाबुको अवस्था पनि...।

गौःरामा नरमाउने को होला र? अझ तराईभन्दा पहाड़मा त अति नै महत्व दिन्छन मान्छेहरू। सेतीकालीको महत्वपूर्ण पर्व हो यो गौःरा पर्व। मध्य तथा सुदूर पश्चिमका जनताको साझा संस्कृति बनिसकेको छ गोःरा पर्व। चाड़पर्व कृषि जीवनको दुःख बिसाउने मेलो बन्छ। जीवनका अनेक कष्ट बिर्सेर अघि बढ़न चाहन्छ मान्छे। विपन्नताको चक्रबाट मुक्त हुन चाहन्छ मान्छे। चाड़पर्व, भेटघाट। पारिवारिक मिलन अनि साथीसङ्गतीसँगको रमाइलो। घरका सदस्य साथसाथै नयाँ लुगा चाहन्छन् गौःरामा। पश्चिम नेपालको गौरव बनेर उभिदिन्छ हाम्रा सामुन्ने।

हो, यो समाज ती पलहरू यस्तै दिनहरूमा आफनो पहिचान खोज्छ। यस्तै–यस्तै बेलामा प्रस्तुत हुने लोकगीत, लोकभाका अनि लोकपर्वहरूले समाजको सम्पुर्ण परिचय दिने गर्छन। नबुझेहरूका निमित्त के के न हो जस्तो भएपनि सिंगो समाजका निमित्त त जीवनको ढुकढुकी नै बनेको छन, लोकपर्वहरू।

यस्तै चाड़बाड़ आयो कि केटाकेटीमा नै त्यसको ठूलो प्रभाव पर्दछ। चाड़बाड भन्नु नै उनीहरूका निमित्त रमिता नै हो। घरमा के छ, के छैन उनीहरूलाई वास्ता हुँदैन। भनेको चिज चाहियो, चाहियो। त्यसपछि उनीहरूका आमाबाबुले आफू भोकै नाङ्गै रहेर पनि, ऋण दिएर पनि उनीहरूको आवश्यकता पुरा गर्नतिर लाग्नु परिहाल्थ्यो। पर्व जति–जति नजिक आउँदै थियो। बच्चाहरूमा उत्सुकता बढ़दै थियो। उनहिरू सधैँजसो घरमा नयाँनयाँ खबर घरमा ल्याइरहन्थे। हुनेखानेका निमित्त त पर्व मनोरञ्जन अनि हाँसखेलमा कट्छ तर विपन्न नागरिक एवम् निम्नमध्यम वर्गका लागि भने यो एक दुःखको पहाड़ बन्दछ। सामूहिक भेलामा गाइने देउड़ा लगाएका खेलमा त मानिस हुन्छ तर मन भने दुःखी बनिरहन्छ।

प्रमोदा बा उइकी लेखा नयाँ कपड़ा लेइआयान, उइकी बुनीकी लेखा लै नयाँ झकुलो लेइआयान। (प्रमोदको बुवाले उसको लागि नयाँ कपड़ा ल्याउनु भएको छ। उसकी बहिनीको लागि पनि नयाँ मिडी ल्याउनु भएको छ।) बाह्र वर्षे अनिलले भन्यो। उसलाई आफ्ना बाबु घर नहुँदा आफ्ना लागि कपड़ा नसिलाइने हो कि भन्ने पीर छ।

''हमुकी कब कपड़ा ल्यौन्यौ, इज्या।'' (हाम्रा लागि कपड़ा ल्याउनु हुन्छ, आमा!) सानो छोरा सुनिलले जिज्ञासा राख्यो।

''आब तमरा बाबा औन दयौ, उन आफूइ हम सबकी कपड़ा लेइ औन्ना।'' (अब तिमीहरूका बुवालाई आउन देऊ। उहाँले नै हामि सबैको लागि कपड़ा ल्याएर आउनु होला।) आमाले सम्झाएकी थिएँ मैले।

''बाबा त कब औन्या हुन कब, उज्याँ सम्म हम कि गरला?'' (बाबा त कहिले आउनु हुने हो कहिले, उति बेला सम्म हामि के गरौंला?) छोराहरू यसो भन्दै कराउन थालेका छन्।

''बाबा नआया मुइ त रोइदिन्या हुँ।'' (बुबा नआए म त रुने हुँ।) कान्छी छोरी प्रमिलाले भनिन्।

छुट्टी मिलेपछि आउँछु भनेर त विष्णुले भनेका थिए तर पनि घर आउँछन नै भन्ने कुनै ठेगाना नै थिएन। छुट्टी नै नपाइने हो की या बाटो बन्द हुनाले आउन नसकिने हो? मन अशान्त भइरहेको छ। आफ्नो मनमा पीर भएपनि छोराछोरीका अघि यसको सङ्केत दिनु भएन। अघिल्लै सालको कुरा त हो नी। उहाँले एक आफन्तलाई पैसा दिएर कपड़ा किनेर घर पुऱ्याइदिन भन्नुभएको थियो। त्यो मानिसले सबै पैसा खाइदिएपछि हाम्रा घरका बालबालिकाको कपड़ा नपाएर तमाशा गरेका थिए। यसभन्दा अघि पनि ल्याएको राम्रो कपड़ा आफ्ना बच्चालाई दिएर नराम्रो कपड़ा मेरा छोराका लागि पठाएको भनेर दिने पनि हाम्रै नातासम्बन्धका मानिस छन्। ससानो लोभमा अरूलाई दुःख दिन छोड्दैनन् मान्छेहरू।

यो गोःरामा म कतै जान्न। पुराना कपड़ा लगाएको देखेर सबले जिस्काउँछन्। जेठो छोरा अनिलले बेस्सरी रोएर भनेको थियो। आजको जमानामा मानिसको विश्वास राख्नु पनि कसरी? उनी सोच्न थालिन।

गौःरा आउन दुई दिन मात्र बाँकी रहयो। घरमा त्यति पैसा पनि छैन, जसले सासु–ससुरालाई नभएपनि बच्चाहरूको आवश्यकता पुरा गर्न सकियोस? शायद विष्णुप्रसाद घर आइहाल्छन की भन्ने आशा भने जीवितै थियो।

''इज्या, बा आजसम्म त घर पुगिसक्कु पड्या हो'' (आमा, बा आजका दिनसम्म त घर आइसक्नु पर्ने हो?) केटाहरू भन्न थालिसकेका थिए।

गौःरा हुन एक दिन मात्र रह्यो। बाटो खराब भएको खबर आइरहेको थियो। साँझपख एक धमिलो हाम्रो घरतिर आइरहेको देखेँ। को मान्छे होला? ठम्याउन सकेन मैले। झटपट ढोका लगाएँ मैले।

एकछिनमा ढोका घड़घड़ाएको आवाज आयो, ''ए पार्वती! पार्वती!''

मैले आवाज ठम्याएँ, यो आवाज मेरै श्रीमान विष्णुको थियो। मैले ढोका खोलेँ। उहाँ भित्र आउनुभयो।

''बाटो खराब थियो भन्ने सुनेको थिएँ, कसरी आउनुभयो?'' जिज्ञासु नजरले हेर्दै भनेँ।

''यो पर्वमा छोराछोरी अनि तिम्रो अनुहार निन्याउरो होला। आमाबाबुले पनि बाटो पर्खिरहनु भएको होला, यही सोच मनमा आयो। मनमा अनेक किसिमका विचार आउन थाले। बाटो जतिसुकै अप्ठ्यारो भएपनि घर जान्छु भन्ने सोचेर आएँ।'' विष्णुले भन्नुभयो।

सासुससुरा छोरा घर आएकोमा खुशी हुनुभयो।

पर्वका बेला छोरा घर आएको छ। खुशीको ठेगाना रहेन आमाबाबुमा।

ससाँझै खाना खाएका केटाकेटी निदाइसकेका थिए। मैले उनीहरूलाई उठाउन चाहेन।

भान्साको काम सकिएपछि सुतियो।

बिहान अलि छिटै जेठो छोरा अनिल ब्युँझियो। आफ्ना बाबुलाई देखेर उसले भन्यो, ओहो! बाबा आया र्यान। (ओहो! बुवा आउनु भएको रहेछ।

उसले आफ्ना भाइबहिनीलाई उठाउँदै भन्यो, ''ए उठ ला उठा। बा आइर्यान।'' (ए उठ तिमीहरू! बुवा आउनु भएको छ।)

सबै केटाकेटी ब्युँझिए। घरमा एक प्रकारको रौनक छायो। केटाकेटी खुशी थिए।

मैले चिया बनाएर दिने बेलामा देखेँ, विष्णु सबै छोराछोरी जम्मा गरेर उनीहरूलाई कपड़ा दिइरहनु भएको थियो।

मैले भनेँ, ''अनि मलाई के ल्याइदिनु भयो त?''

उहाँले साड़ी, ब्लाउज लगायत कपड़ाको सेट थमाउँदै भन्नुभयो, ''यो तिम्रो लागि।''


''आमा र बुवाको कपड़ा दिइसकेको छु उहाँहरूलाई।'' उहाँको मतिर हेर्दै भन्नुभयो।

''अनि आफ्नो लागि खै त?'' प्रश्न तेर्स्याएँ मैले।

''चाहिएको बेला किन्ने गरेको छु। अहिले घरपरिवारको पालो।'' यति मात्र भन्नुभयो।

रहल पृष्ठ ७ मा

अग्निस्पन्दन कवितासङ्ग्रहको सल्यक्रिया



❖ पुस्तक समीक्षा ❖



✍ जीविका अश्रु
गान्तोक, सिक्किम

कविता केवल शब्दहरूको मिलान वा सुन्दर वाक्य बनाउने अभ्यास मात्र होइन, यो मनको गहिराइबाट जन्मिएको अनुभूति हो। त्यसैले कवितालाई खेलाँची मान्नु हुँदैन। यसमा मानिसका पीड़ा, प्रेम, आशा, निराशा, सङ्घर्ष र जीवनका विभिन्न सत्यहरू समेटिएका हुन्छन्। कविताले कहिलेकाहीं नबोलेका कुराहरू पनि बोल्छ, र मौन भावनालाई पनि आवाज दिन सक्छ। एउटा साँचो कविताले पाठकको मन छुन्छ, उसको सोच बदल्न सक्छ र जीवनलाई हेर्ने दृष्टिकोणमा नयाँ उज्यालो ल्याउन सक्छ। समय बित्दै जाँदा पनि राम्रो कविता पुरानो हुँदैन, बरु अझ अर्थपूर्ण कालजयी बन्दै जान्छ। त्यसैले कविता लेख्नु मात्र होइन, त्यसलाई सम्मानका साथ बुझ्नु, महसुस गर्नु र त्यसको भावभित्र डुब्नु पनि उत्तिकै आवश्यक छ।

मसँग अहिले अग्निस्पन्दन कविता सङ्ग्रहको पीडीएफ आइपुगेको छ। प्रगतिशील लेखक, कवि कल्पना पौड़ेल 'जिज्ञासु'को यो सङ्ग्रह पढ़्दा साँच्चै नै मन छोयो। कवितामा भएको ओजनले पीडीएफ हेरेर, पढ़ेर केही लेखौँ अथवा लेख्नै पर्ने पुस्तक भएको अनुभव भयो। त्यसैले म कविताहरू पढ़न थाले। यस सङ्ग्रहमा जम्मा लामाछोटा गरी बाउन्नवटा कविता छन्। एकसय छत्तीस पृष्ठको यस किताबमा निकै अब्बल कविताहरू छन्। उसो त कविका यस अघिनै सातवटा कृति प्रकाशित छन्। यो आठौँ कृति हो। अग्निस्पन्दन कविता सङ्ग्रहका यी कविताहरू प्रकृति, मातृत्व, मानव सभ्यता, प्रवास, पृथ्वी, अस्तित्व र आधुनिक युगका चुनौतीहरूलाई दार्शनिक गहिराइका साथ प्रस्तुत गरिएको छ। कविले सामान्य विषयलाई पनि केवल भावनात्मक रूपमा नभई वैचारिक उचाइमा उठाएर हेर्ने प्रयास गरेकी छन्।

सबैभन्दा बलियो पक्ष भनेको कविको बिम्ब निर्माण गर्ने क्षमता हो। उदाहरणका लागि, धरतीको गर्भ, ज्वालामुखी, डिजिटल जालोका सूक्ष्म तरङ्ग, माटोको सुवास, मौनताको मसी जस्ता प्रतीकहरूले कवितालाई साधारण वर्णनभन्दा माथि उठाएका छन्। यस्ता बिम्बहरूले पाठकलाई सोच्न बाध्य पार्छन्। केही कवितालाई मैले सामाञ चर्चा गरेकी छु ती हुन् – **आमा ती हुन्** कविता विशेष रूपमा प्रभावशाली देखिन्छ। यसमा आमालाई केवल जन्मदिने व्यक्तिका रूपमा होइन, सभ्यता, करुणा, त्याग र मानवताको मूल स्रोतका रूपमा चित्रण गरिएको छ। कविताको अन्त्यमा आएको भाव–

आमा केवल माया होइनन्, मानवताको पुनर्लेखन हुन्– निकै सशक्त र स्मरणीय छ। अग्निस्पन्दन मा विद्रोह, आत्मचेतना र अन्यायविरुद्धको भित्री आगोलाई ज्वालामुखीको प्रतीकमार्फत व्यक्त गरिएको छ। यसले सामाजिक चेतनासँगै व्यक्तिगत अस्तित्वको खोजलाई पनि समेट्छ। धरतीको चिठी र माटोको सुवास मा वातावरण, प्रवास र आफ्नो माटोसँगको सम्बन्धलाई अत्यन्त संवेदनशील ढङ्गले चित्रण गरिएको छ। विशेष गरी प्रवासी जीवनको खालीपन र मातृभूमिप्रतिको मोह प्रभावकारी रूपमा अभिव्यक्त भएको छ।

प्रिय धुलिखेल धुलिखेलप्रतिको गहिरो प्रेम, आत्मीयता र प्राकृतिक सौन्दर्यलाई भावनात्मक रूपमा प्रस्तुत गरिएको कविता हो। कविले धुलिखेललाई केवल स्थान नभई स्मृति, प्रेरणा र शान्तिको प्रतीकका रूपमा चित्रण गरेका छन्। काँचभित्र छायाँ आधुनिक प्रविधि, सामाजिक सञ्जाल र आभासी संसारले मानिसको जीवनमा पारेको प्रभावलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको कविता हो। यसले वास्तविकता र डिजिटल जीवनबीचको द्वन्द्वलाई उजागर गर्छ। गुँड़ छाड़ेको चरी सङ्घर्ष, स्वतन्त्रता, त्याग र भविष्यप्रतिको आशालाई अभिव्यक्त गर्ने कविता हो। जीवनको कठिन यात्रामा पनि लक्ष्यतर्फ अघि बढ़ने प्रेरणा यसमा पाइन्छ।

म माझी हुँ शिक्षा, ज्ञान र मानवताको महत्त्वलाई केन्द्रमा राखिएको कविता हो। कविले आफूलाई ज्ञानको मार्गदर्शकका रूपमा प्रस्तुत गर्दै समानता र उज्ज्वल भविष्यको सन्देश दिएका छन्। सीमाको आँसु राष्ट्रिय स्वाभिमान, सीमा विवाद र नेपाली भूमिप्रतिको गहिरो संवेदनालाई व्यक्त गरिएको राष्ट्रवादी कविता हो। यसले देशप्रेम र राष्ट्रिय एकताको भावना बलियो बनाउँछ। प्रगतिशील नारी हुँ म आत्मनिर्भर, सचेत र अधिकारप्रति जागरूक महिलाको आवाज प्रस्तुत गर्ने कविता हो। यसले महिला सशक्तीकरण, स्वतन्त्र सोच र सामाजिक परिवर्तनको पक्ष लिन्छ।

मानिस र प्रकृति मानिस र प्रकृतिको अविच्छिन्न सम्बन्धलाई दार्शनिक शैलीमा चित्रण गरिएको कविता हो। प्रकृतिको संरक्षण र शहरस्तित्वको सन्देश यसमा व्यक्त गरिएको छ। नेपाल आमाको प्रश्न देशको वर्तमान राजनीतिक, सामाजिक अवस्था र सुशासनप्रतिको प्रश्न उठाउने चेतनामूलक कविता हो। यसले राष्ट्रप्रेमसँगै परिवर्तन र जिम्मेवारीको आवश्यकता औंल्याउँछ। सीताको अग्निपरीक्षा यो कविताले सीताको अग्निपरीक्षालाई आधार बनाएर आज पनि महिलाले भोगिरहेका शङ्का, विभेद र अन्यायको विरोध गरेको छ। पौराणिक कथालाई वर्तमान समाजसँग जोड़्दै समानता, न्याय र नारी सम्मानको सशक्त सन्देश दिएको छ।

माटोको गीत यो कवितामा जन्मभूमिप्रतिको प्रेम, प्रकृतिको सौन्दर्य र राष्ट्रिय गौरवको भावना अभिव्यक्त भएको छ। मातृभूमिको माटो, संस्कृति र इतिहासप्रति गहिरो सम्मान व्यक्त गर्दै देशप्रेमको भावना जगाइएको छ। हाम्रो सपना र उनीहरूको डर यस कविताले न्याय, समानता र स्वतन्त्रताको पक्षमा उठ्ने जनआवाजलाई चित्रण गरेको छ। परिवर्तन चाहने जनताको सपना र त्यसबाट डराउने शोषक शक्तिको मनोविज्ञानलाई प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ। सन्तान यो कविताले आमाबुबाको त्याग, माया र जिम्मेवारीलाई मार्मिक रूपमा प्रस्तुत गरेको छ। सन्तानको भविष्य उज्ज्वल बनाउन अभिभावकले गर्ने निस्वार्थ समर्पणको महत्त्वलाई कविताले उजागर गरेको छ।

मेरो खजुरा यो कवितामा खजुरा क्षेत्रको इतिहास, सङ्घर्ष, विकास र प्राकृतिक सौन्दर्यलाई चित्रण गरिएको छ। स्थानीय जनजीवन, परिवर्तन र आशालाई समेट्दै आफ्नो जन्मथलोप्रतिको आत्मीयता र गर्व व्यक्त गरिएको छ। हुन सक्छ कहिकतै भाषागत त्रुटि, कतै शब्द चयनमा, तर पनि यति गहन लेखनले गर्दा नराम्रा पक्षहरू राम्रो पक्षले छोप्न सफल बनेको छ। समग्रमा भन्नु पर्दा यी सबै कविताहरूमा प्रकृति, राष्ट्रप्रेम, शिक्षा, महिला सशक्तीकरण, मानवीय मूल्य, सामाजिक यथार्थ र समकालीन चेतनालाई सरल तर प्रभावकारी भाषामा प्रस्तुत गरिएको छ। कविले प्रतीकात्मक शैली, भावनात्मक अभिव्यक्ति र विचारप्रधान विषयवस्तुमार्फत पाठकलाई सोच्न र समाजप्रति जिम्मेवार बन्न प्रेरित गरेका छन्।

कविताको भाषा परिष्कृत, साहित्यिक र संस्कृतनिष्ठ छ। शब्द चयन प्रभावशाली छ र भावलाई उचाइ दिन्छ। तर कतिपय ठाउँमा भाषा अत्यधिक गहन भएकाले सामान्य पाठकलाई अर्थ बुझ्न एकभन्दा बढ़ी पटक पढ़नुपर्ने हुन सक्छ। यी कविताहरू सामान्य भावुक कविता होइनन्; चिन्तनप्रधान, दार्शनिक र प्रतीकात्मक मुक्तकाव्य हुन्। कविमा गहिरो अध्ययन, भाषामाथिको पकड़ र जीवनलाई व्यापक दृष्टिले हेर्ने क्षमता देखिन्छ। यी रचनाहरूले केवल भावना व्यक्त गर्दैनन्, पाठकलाई प्रश्न गर्न, सोच्न र आत्ममन्थन गर्न प्रेरित गर्छन्।❐

युवाको देशमा बेरोजगारको भयावह तस्वीर



ललित गर्ग

दुष्यन्त कुमारले भनेका थिए– 'हो गई है पीर पर्वत सी पिघलनी चाहिए, इस हिमालय से कोई गंगा निकलनी चाहिए।'

हाम्रो देशमा बेरोजगारीको समस्या प्रतिवर्ष विकराल बन्दै गइरहेको छ। यो यस्तो समस्या हो, जसको समाधान नभएकै कारण युवा सपना अँध्यारो बनेको छ। बेरोजगारी एक पीड़ा हो, गम्भीर समस्या हो। जसको समाधान हुन अत्यावश्यक छ। तर कहिले हुने? प्रश्न पनि गम्भीर छ। देशमा २०१७–१८–मा बेरोजगारी दर कुल उपलब्ध कार्यबलका ६.१ प्रतिशत रहेको थियो, जुन पछिल्लो ४५ वर्षमा सर्वाधिक हो। लोकसभा चुनाउभन्दा ठीक अघि बेरोजगारीसँग जड़ित यो रिपोर्ट लीक भएको थियो। यसका साथै नरेन्द्र मोदी सरकारको दोस्रो कार्यकालको शुरुमा सरकारद्वारा जारी आँकड़ामा यसको पुष्टि गरिएको थियो।

मोदी सरकारले रोजगार सिर्जना र सम्भावना खोज्नका लागि क्याबिनेटको एक समिति पनि बनाएको छ। रोजगारमाथि धेरै ठूलो सर्वेक्षण गराइने बताइएको छ, जसमा सबै प्रकारका कामधन्धा सामेल रहनेछन्। जब जब कुनै पनि समस्याले विकराल रूप लिनेगर्छ, तब तब यस्ता–यस्तै समितिहरू बनाइने गरिन्छ। यस्ता भयावह तस्वीर बोकेको समस्यामाथि केवल तथ्यहरूका अध्ययन गर्नेगरिन्छ, जस्तो कि कति युवाले रोजगार पाए अथवा कति युवा बेरोजगार छन्। के यो समितिले रोजगारका नयाँ अवसरहरू उपलब्ध गराउने दिशामा अँध्यारो बन्दै देखाएका युवा सपनाहरूलाई उज्यालो पार्नका लागि कुनै ठोस उपाय खोज्नेछ? प्रश्न गम्भीर छ। मोदी सरकारले आफ्ना उपलब्धिहरूका जति नै बखान गरे तापनि साधारण मानिसहरूको समस्या र कठिनाइ किञ्चित पनि कम भएको छैन। जसको कारण प्रतिदिन नयाँ नयाँ समस्याहरू जनसाधारणअघि ठिङ्ग उभिरहेका छन्। जीवन एक जटिल र माखेसाङ्ग्लो बन्दै गइरहेको छ। असहजता र समस्यै–समस्याले थिचिरहेका छन्। देशमा विकास पनि भइरहेको छ, तर देश अनेक समस्याहरूको अँध्यारोबाट बाहिर पनि आइरहेको छ। एकातिर जनसाधारणको अनुसारमा खुशीका पातलो रेखाहरू कुदिरहेको पनि देखिँदैछ भने अर्कोतिर युवाहरूका अनुहार निराशको बादलले डम्म ढाकेको पनि देखिँदैछ। देशमा महँगाइ बढ्दा मुद्रास्फीति बढ्छ, अर्थशास्त्रीहरूको मान्यता छ। तर, बेरोजगारी किन बढ्छ? यस्तोमा के प्रश्न उठ्छ भने विकासले कुन समस्या न्यून हुनेगर्छ? यो प्रश्नले जनसाधारणको मस्तिष्क सधैं खाइरहने गर्छ।



भारतमा विकासका कुरा धेरै हुनेगर्छ, सरकारले रोजगारको दिशामा पनि धेरै सम्भावनाका कुराहरू गरिरहेको छ, यो राम्रो कुरा हो। तर जब युवाहरूलाई रोजगारीमाथि केही प्रश्न गरिएको खण्डमा उनीहरूले निराशा नै पोख्ने गर्छन्। किन यस्तो भन्दा देशमा बेरोजगारी तीव्र गतिमा बढ़िरहेको छ, जसको शिकार देशका युवा भइरहेका छन्। अहिले घरी युवाहरूले देशमा रोजगार पाउनै गाह्रो भइरहेको छ। कुरा रोजगारको मात्र छैन तर आफ्नो मिहिनेत, शिक्षा र योग्यता र आकांक्षाअनुसार रोजगार प्राप्त गर्नु पनि ठूलो कुरा भएको छ। यस्तो रोजगार पाउनु देशमा आजका दिनमा दुर्लभजस्तै भएको छ। उच्च शिक्षा र तक्निकी क्षेत्रमा दक्षताप्राप्त युवाहरूलाई सुदीर्घ कालको कठोर मिहिनेतपछि पनि उनीहरूले यदि अफ्नो सोचेअनुरूपको रोजागर प्राप्त गर्न नसके यसलाई शासनको असफलता नै मान्न पर्ननेछ। डाक्टर, सीए, वकिल, एमबीए यस्ता धेरै उच्च डिग्रीधारी युवाहरू आज पेट भर्नका लागि मजदुरी या यस्तै ससाना काम गर्नमा विवश बनेका छन्। यस्ता उच्च डिग्रीधारीहरूलाई पनि स्थायीको स्थानका लागि ठेकादारी, मजदुरी र अस्थायी मजदुरीकै अवसर अधिक प्राप्त हुनेगर्छन्। अटो चलाउन या उद्योगमा चपरासी बन्नु कुनै नराम्रो कार्य होइन तर प्रशिक्षित रोजगारका लागि लामो समयसम्म मिहिनेत गरेका युवाहरूले यस्ता कार्य गर्नका लागि मन गर्दैनन्। नयाँ भारतको निर्माण गर्दा हामीले शिक्षा र रोजगारबीच सन्तुलित व्यवस्था स्थापित गर्नु अनिवार्य छ। सही गुणवत्ताका रोजगारहरू पर्याप्त मात्रामा सिर्जना नहुनु शासकै एक ठूलो विफलता हो। विफलता के पनि छ भने स्वतन्त्रताको ७० वर्षमा हामीले अधिकतर युवाहरूलाई राम्रो गुणवत्ता भएको शिक्षा उपलब्ध गर्नै सकेनौं। महँगो एवं निजी संस्थानहरूबाट उच्च शिक्षा प्राप्त गरे तापनि रोजगार प्राप्त नहुनुले सबै व्यर्थ भइरहेको छ। यसैले पनि विवश भएर शिक्षित युवाहरू रोजगार प्राप्तिका लागि यताउता दौड़िरहन परिरहेको छ। विडम्बना के छ भने उनीहरूले आफूले प्राप्त उच्च शिक्षाका डिग्रीहरूलाई एकातिर राखेर जेजस्तो रोजगार भए पनि प्राप्त गर्नका लागि दैनिक दौड़िरहेका छन्। जब सरकारी नोकरी चाहे त्यो पुलिसको होस् या सुरक्षाकर्मी अथवा अन्य कुनैको आवेदन निस्केको समयमा यस्ता उच्च डिग्रीधारीहरूको लामो लाइन लाग्ने गरिन्छ। यसले पनि देशमा बेरोजगार समस्याको विद्रूप रूपलाई छर्लङ्ग पार्ने गर्छन्।

यसको उदाहरण वर्ष २०१८ मा उत्तर प्रदेशको पुलिस विभागमा चपरासी र सन्देशवाहकका ६२ पदका लागि ९३,००० अभ्यर्थीले आवेदन गरेका थिए, जसमा ३७०० पीएचडी, २८००० पोस्ट ग्रेजुएट र ५०००० ग्रेजुएट थिए। जबकि यी पदहरूका लागि न्यूनतम योग्यता पाँचौं श्रेणी पास थियो। यस्तै प्रकारले जनवरी २०१९ मा मध्य प्रदेशमा आठौं श्रेणी उत्तीर्ण योग्यता भएको ७,५०० रुपियाँ मासिक मानदेय (वेतन) –को चपरासीको नोकरीका लागि ५७ पदका लागि ६०,००० आवेदन पत्रमा ठूलो सङ्ख्यामा इन्जिनियर, एमबीए र पीएचडी डिग्री भएका उम्मेदवारहरू सामेल थिए। यो यस्तो त्रासद र विडम्बनापूर्ण स्थिति हो, जसले हाम्रा सबै विकासका उपलब्धिहरूलाई ओझेलमा पार्ने गर्छ। यसले हाम्रा सबै प्रकारका विकासको दाबीलाई झूटो साबित गर्छ। हाम्रो शासन व्यवस्थालाई नकार्ने गर्छ। 'आक्सफयाम'–को 'विषमताहरूमाथि ध्यान दिऊँ' विषयक रिपोर्टका अनुसार भारतमा बेरोजगारी एक ठूलो सङ्कट हो। यो सङ्कटको समाधान समयमा नहुनु भनेको समाजको स्थिरता र शान्तिमाथि खतरा हो। यी दुवैमा यसको प्रतिकूल असर पर्ने निश्चित छ। यसका साथै लाखौं युवा श्रम–शक्तिमा प्रतिवर्ष आइरहेका छन्, उनीहरूका लागि पर्याप्त रोजगार उपलब्ध छैन। अर्कोतिर यी रोजगारहरूका गुणवत्ता र वेतन पनि अपेक्षाभन्दा धेरै कम्ती छ। लिङ्ग, जाति र धर्म आधारित भेदभावहरूका कारण पनि अनेक युवाहरूले रोजगार प्राप्त हुनमा अतिरिक्त समस्या बेहोर्ने गरेका छन्। यस स्थितिमा विरक्तिएका धेरै युवाले रोजगार खोज्नै छोड़ेका छन्।

युवाहरू समयमै सचेत बन्न आवश्यक



विश्वले नै अधिक महत्त्व दिइरहेको जमात मान्न सकिन्छ युवाहरूलाई। यदि युवा जमात सचेत बने हाम्रो समाज, देश र विश्वनै विकसित तथा शान्तिपूर्ण बन्न सक्छ। त्यसैले त आज हरेक ठाउँमा युवाहरूलाई सचेत, जागरूक एवं अग्रसर पार्ने काम भइरहेको छ। त्यसैले भनिन्छ युवाहरू देशका कर्णधार हुन्। देशका भविष्य हुन्। विश्व समाजलाई पनि छोडेर यहाँ राज्यको सन्दर्भमा कुरा गर्नपरे युवाहरूका निम्ति आज प्रशस्तै काम भइरहेका छन्, जसले युवाहरूलाई सकारात्मक दिशातिर अग्रसर गराउने, उनीहरूलाई सचेत गराउने, उनीहरूलाई प्रोत्साहित गराउने, दक्ष र सक्षम बनाउने हरेक प्रकारका कामहरू भइरहेका छन्। सरकारी पहलमा पनि यस्ता कामहरू भइरहेको पाउन सकिन्छ भने केन्द्रिय सरकारको पहलमा पनि यस्ता विभिन्न योजना सिक्किमलगायत पूर्वोत्तर क्षेत्रका लागि भनेर समय–समयमा भिऱ्याइँदैछन्। युवाहरूमा वाककला, कार्य क्षमता एवं तक्निक आदिकुरादेखि लिएर यहाँ भएका हरेक सम्भावना र अवसरहरू के–के छन् अनि ती कुराहरूलाई कसरी सदुपयोगमा ल्याउन सकिन्छ भन्ने कुराको समेत जानकारी गराइँदैछन्।

राज्य तथा केन्द्र सरकारद्वारा तय गरिएका यस्ता अनेकन योजनाहरूलाई कार्यनवयनमासम्म ल्याएर उनीहरूलाई स्वरोजगारी बनाउने पहलसम्म भइरेका छन्। सिक्किमको सन्दर्भमा हेरिनु हो भने जल्दोबल्दो विषय बनेको छ पर्यटनको क्षेत्र। यसबाहेक पनि राज्यमा पिगेरी, पोल्ट्री फार्मिङ, कृषि, ट्राभल्सजस्ता कुराहरूमा सरकारी तथा गैर–सरकारी रूपमा युवाहरूलाई तालिम दिएर उनीहरूलाई स्वरोजगार बनाउने पहल गरिँदै आइरहेको छ। यी सबै गर्नुको मुख्य कारण हेर्नु हो भने मूलतः राज्यलाई विकसित गराउने बुझिन्छ। एउटा राज्य विकसित बन्नु भनेको देश पनि विकसित हुनु हो।

यद्यपि, आज हाम्रा युवाहरूले यस्ता कुराहरूबाट भरमग्दुर फाइदा उठाएर त्यसको लाभ उठाउन सकिरहेका देखिँदैनन्। यस्ता विभिन्न तालिममा उनीहरूको सहभागिता नै नहुने होइन, तर तालिमअवधिमा प्राप्त हुने सुख–सुविधाको उपभोग गर्नमात्रै कतिजना उपस्थित हुने गरेको पाइन्छ। टीए र डीएकै निम्ति मात्र पनि कतिजना तालिममा जानेगरेको पाइन्छ। अतः यहाँबाट के प्रष्ट हुन्छ भने सरकारी होस अथवा गैरसरकारी रूपमा युवाहरूलाई जुन उद्देश्यले तालिमहरू उपलब्ध गराउने लक्ष्य छ त्यसको महत्त्वबाट युवाहरू अझै अनभिज्ञ नै छन्। उनीहरूले कसैलाई ठगिरहेको मनमा सोचे पनि आफ्नै भविष्य राज्य अनि देशको भविष्यसित छल गरिरहेको मनमा सम्झनेसम्म प्रयास गरिरहेका छैनन्। युवाहरूमा सचेतना ल्याउने भनेर जुन पहल आज हाम्रो समाजमा भइरहेको छ त्यो त खै कहाँ सफल हुँदैरहेछ र! हामी देशको भविष्य, राज्य र हाम्रै समाजको भविष्य तयार गरिरहेका छौं भन्दैछौं तर कहाँ त्यो पूरा भइरहेको छ त! आज हाम्रा युवाहरू पैसाकै पछि लागिपरेका पाइन्छन् धेरैजसो, त्यो पनि छिटो र सजिलो माध्यममा, नभए काम सरकारी नै पाउनुपर्छ, त्यो पनि सानो होइन ठूलो चौकीमा बस्न पाउनसकेसम्म भन्ने विचारधाराले हामीलाई खज्याइरहेकै छ अझै पनि। सबैलाई थाहा छ, छिटो र सजिलो माध्यम भनेको दीर्घमियादी हुँदैन। अर्को कुरा काम सानो किन नहोस्, त्यसलाई एकचित्त र एकाग्रताका साथ अघि लगाउन सके जीवनको सफलता त्यसैमा हुन्छ भन्ने कुराको पनि युवाहरूमा ज्ञान हुनआवश्यकता हुन्छ। अर्कोतिर, सरकारी रूपमा युवाहरूलाई विभिन्न सुविधा जस्तै निशुल्क खाने, बस्ने, आउने–जाने आर्थिक सुविधाहरूका साथमा उनीहरूलाई सक्षम, दक्ष, सचेत र जागरुक बनाउने उद्देश्यमा तालिमहरू प्रदान गरिन्छन्, यसमा कस्ता युवाहरूलाई निम्त्याइँदै छन् भन्ने कुरा सम्बन्धित निकायले ध्यान राख्नुपर्ने देखिन्छ। यसका साथै कतिपय सङ्घ–संस्थाले सरकारी योजनाअन्तर्गत डीपीआर तयार गर्ने र फर्जी रिपोर्ट सुम्पिएर आफ्नो स्वार्थ पूरा गर्ने मात्रै पनि हुन्छन्। अत, यस्ता कुराहरूको पनि राम्ररी छानबिन गर्न सकिए तालिम र सरकारको औचित्य पनि सफल बन्ला कि!

यतिमात्रै होइन, युवाहरू स्वंयमा पनि सचेतना आउन जरूरी छ। जबसम्म 'टीए–डीए' र 'फ्री त हो'–को भानमा युवाहरूको मनमा बाँचेको हुन्छ तबसम्म हाम्रो समाजले विकासको गोरेटो भेटाउन सक्दैन। छिटो र सजिलो बाटो खोज्नेहरू प्रतिदिन बदनामीको शिकार बनिरहेका छन्। बद्नामीमात्रै होइन आफ्नोसितै अर्कोकोसमेत जीवन बर्बाद गरिरहेका छन्। यसैले आज समग्र युवा जागरूक भई अग्रसर बन्ने समय आएको छ। समयसितै अघि बढ़न जरुरी रहेको छ। यदि आज पनि हामी सचेत बनेनौं भने भोलि हाम्रो देशको भार उठाउने कस्ले? आज संसार जुन गतिमा अघि बढ़िरहेको छ त्यसलाई पछ्याउने पाइला अहिलेनै चाल्न शुरू नगरे भविष्यमा पछुतो गर्नबाहेक अरू केही रहनेछैन यहाँ।

दम्पतिले एकार्कासँग लुकाउनैपर्ने कुरा



श्रीमान् र श्रीमतीले हरेक कुरा एकार्कासँग साझेदारी गर्नुपर्छ। उनीहरू एकार्कामा खुलस्त र पारदर्शी हुनुपर्छ। आफ्नो मनका लागेको कुरा निर्धक्क भन्नुपर्छ। यसरी उनीहरूबीचको अन्तर्क्रियात्मक सम्बन्धले नै दाम्पत्य जीवनमा प्रेम र भरोसा दिगो राख्छ। हामीलाई यस्तै लाग्छ।

तर मनका सबैकुरा आफ्ना श्रीमान् वा श्रीमतीसँग पोख्नैपर्छ? सबैकुरा एकार्कामा साझेदारी गर्नु उचित हुन्छ?

कतिपय कुरा यस्ता हुन्छन्, जसमा नित्तान्त गोपनीयता अपनाउनुपर्ने हुन्छ। यदि त्यस्ता कुरा एकार्कासँग साझेदार गर्दा सम्बन्ध बलियो हुने होइन, बरू अन्य खराब हुने भय रहन्छ। के हो त त्यस्ता कुरा, जो दम्पतीले एकार्कासँग लुकाउनैपर्छ।

आफ्नै परिवारको नराम्रो कुरा

श्रीमान् वा श्रीमतीले आफ्नो परिवारको नकारात्मक कुरा गर्नु उचित हुँदैन। परिवारका सदस्यहरूको गल्ती, कमजोरी औंल्याउने, टिप्पणी गर्ने, परिवारको मान–मर्यादामा ठेस आउने कुराहरू गर्ने बानी राम्रो होइन। परिवारभित्रका कुराहरू सकेसम्म गोप्य राख्नुपर्छ। परिवारका सदस्यहरूको गल्ती कमजोरी औंल्याउने र त्यसमाथि नकारात्मक टिप्पणी गर्ने बानीले दाम्पत्य सम्बन्धलाई धरापमा पार्न सक्छ।

अरूको चरित्र हत्या हुने कुरा

श्रीमान् वा श्रीमतीले अर्काको चरित्रलाई लिएर पनि नकारात्मक टिप्पणी गर्नु उचित हुँदैन। चाहे घरका सदस्य होस् वा छिमेकी, साथीभाइ होस् वा कार्यालयका सहकर्मी। उनीहरूको चरित्रलाई लिएर नकारात्मक टिप्पणी गर्नु आफैमा खराब प्रवृत्ति हो। त्यसैले आफूले अर्काको चरित्रमाथि औंला उठाइरहँदा पार्टनरमा आफूलाई हेर्ने दृष्टिकोण नै खराब बन्न सक्छ।

त्यसैले अर्काको चरित्र हत्या हुने किसिमको टीकाटिप्पणी गर्नु उचित हुँदैन। परिवारका सदस्य, छिमेकी, साथीभाइको व्यक्तिगत चरित्र कस्तो छ भन्ने कुरा दम्पतीबीच साझेदार गर्नु आवश्यक पनि छैन। बरु अरूको चरित्रबारे चर्चा गरेर समय खर्च गर्नुभन्दा आफ्नै घर व्यवहारको कुरा गर्नु उचित हुन्छ।

अर्कासँग तुलना नगर्ने

श्रीमान् वा श्रीमतीमा एकार्काप्रति केही अपेक्षा हुन्छन नै। यद्यपि 'फलानोले जस्तो' भनेर आफ्ना पार्टनरलाई अरूसँग तुलना गर्नु उचित हुँदैन। मानौं तपाईंले आफ्ना पार्टनरमा कतिपय कमी, कमजोरी औंल्याउनुभएको छ। अरू व्यक्तिसँग तुलना गर्दै उक्त कमी कमजोरीमाथि टिप्पणी गर्दा त्यसले तपाईंहरूमा एकार्काप्रतिको आशा र भरोसा टुट्न सक्छ।

सबै मान्छे आफैंमा पूर्ण हुँदैनन्। सबैको केही प्रश्न पक्ष हुन्छन्, कमजोरी पनि। आफ्नो पार्टनरमाथि खोट देखाउने कुरा पनि त्यति उचित हुँदैन। यस्ता कुरामा मौन बसेकै राम्रो हो।

अपमानको कुरा

आफूमाथि अपमान भएको कुरा पनि दम्पतीले एकार्कामा साझेदार गर्न आवश्यक छैन। यस्ता कुराले आफ्ना पार्टनरलाई अरू बढ़ी दुःखी बनाउनसक्छ। हीनताबोध पैदा गर्न सक्छ। त्यसैले आफूमाथि कुनै अपमान भएमा त्यसलाई साझेदारी गरिरहनु उचित हुँदैन।

सहयोग गरेको कुरा

मानौं आफन्त, छिमेकी, साथीभाइलाई तपाईंले केही सहयोग गर्नुभयो। आर्थिक सहयोग हुन सक्छ, भौतिक सहयोग हुनसक्छ। यस्ता कुरा पनि पार्टनरलाई बताउनु उचित हुँदैन। किनभने सहयोग भनेको हार्दिकताका साथ खुला हृदयले गर्ने हो। यसरी कसैलाई सहयोग गरिन्छ भने त्यसलाई प्रचार गरिरहनु आवश्यक छैन।

परिकार

घरमा यसरी बनाउनसकिन्छ म्याङ्गो मिल्क सेक

अहिले आँपको मौसम छ। आँप यसै खान सकिन्छ भने यसको मिल्क सेक पनि बनाउन सकिन्छ। यस्तो मिल्क सेक बालक–बालिकाले धेरै मन पराउँछन्। जनु घरमै बनाउन सकिन्छ।

- सबैभन्दा पहिले एउटा पाकेको आँप लिने र त्यसलाई बोक्रा ताछेर स–साना क्युब आकारमा टुक्रा पार्ने।
- मिक्सचरमा आँपका क्युब आकारका टुक्रा तथा दुई चम्ची चिनी राखेर ब्लेणअड गर्ने। यसो गर्दा आँप प्युरी नरही राम्रोसँग ब्लेण्ड हुन्छ।
- आँपको प्युरीमा पाँचवटा पिसेको काजु तथा दुई चम्ची पाउडर दुध राख्ने।
- त्यसपछि दुई कप उमालेर राखेको चिसो दुध राख्ने। त्यसलाई तुरुन्तै सेवन गर्ने हो भने चिल्ड बनाउनका लागि दुई टुक्रा आइस राख्ने। र ब्लेन्ड गर्ने। सेवन गर्नुअघि फ्रिजमा पनि राख्न सकिन्छ।
- यसरी तयार भएको म्याङगो मिल्क सेकमा माथिबाट ड्राइफ्रुट्स, पेस्ता, बदाम टुक्रा तथा टुटीफुटी राख्न सकिन्छ। यसले मिल्क सेक स्वादिलो हुनुका साथै आकर्षक देखिन्छ।

अदुवाको स्वादिलो क्याण्डी बनाउने विधि

अदुवा भान्छामा नभइ नहुने मरमसला मध्ये एक हो। अदुवालाई आयुर्वेदिक औषधिको रूपमा पनि प्रयोग गरिन्छ। यो स्वास्थ्यकालागि निकै फाइदाजनक भएपनि बालक–बालिकालाई उतिसारो मन पर्दैन। यसर्थ बालक–बालिकालाई लक्षित गरी अदुवाको क्याण्डी बनाउन सकिन्छ। जुन उनीहरूले रुचाउँछन्। यसलाई मिठाईको रूपमा मात्र नभएर पाचन चक्कीका रूपमा खान सकिन्छ।

अदुवाको क्याण्डी बनाउन ध्यान दिनुपर्ने कुराः

- रेशा कम भएका नरम अदुवाको छनौट गर्ने।
- राम्रोसँग नसुकाईएको क्याण्डीमा छिटै नै ढुसी लाग्ने र बिग्रने हुनाले क्याण्डी प्याकिङ गर्दा राम्रोसँग सुकाएर मात्र गर्नु पर्दछ।

बनाउने तरिका

- अदुवालाई धोएर बोक्रा हटाउने।
- बोक्रा हटाई अदुवालाई काँटाको सहायताले चारैतिर प्वालपार्ने।
- क्याण्डी कस्तो आकारमा बनाउने हो त्यस्तै गरेर अदुवाको एकनासको टुक्रा काट्ने।
- अदुवाको टुक्राहरूलाई नुनपानीमा एक रात डुबाउने।
- उक्त टुक्रालाई भोलिपल्ट सफा पानीले नुनिलो नहराउञ्जेल पखाल्ने।
- प्रेसर कुकरमा टुक्रालाई पकाउने।
- पाकेपछि अदुवाको टुक्रा डुब्ने बराबरको पानीमा २५ प्रतिशत चिनी र ०.५ प्रतिशत साईट्रीक एसिड लिई १० मिनेटसम्म पकाएर २४ घण्टासम्म चास्नीमा डुवाएर छाड्ने। यसो गर्दा टुक्रामा भएको पानी निस्कन्छ र विस्तारै गुलियोपना अदुवाका टुक्रा भित्र पस्दछ। यसलाई एकदिन त्यतिकै राख्ने।
- भोलिपल्ट अदुवाको टुक्रालाई अलग गरी चास्नीमा २५ प्रतिशत चिनी हालेर १० मिनट तताउने।
- चिनी पग्लि सकेपछि चास्नीलाई कपडाले छानेर टुक्रालाई २४ घण्टा चास्नीमा डुबाई छोड्ने।
- अर्को दिन अदुवाको टुक्रालाई १० मिनट तताउने र टुक्रा निकाली चास्नी तर्काएर हावामा सुकाउने र सुक्खा बनाउने र क्याण्डी तयार हुन्छ।

अर्को साता चीनमा ट्रम्प, पुटिन र सी जिनपिङबीच

ऐतिहासिक त्रिपक्षीय भेटवार्ता हुने



वाशिङटन, १४ नोभेम्बरः अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र चिनियाँ राष्ट्रपति सी जिनपिङबिच अर्को साता चीनमा ऐतिहासिक संयुक्त भेटवार्ता हुने भएको छ। ह्वाइट हाउसका अनुसार चीनको दक्षिणी शहर सेन्जेनमा आयोजना हुने एसिया–प्रशान्त आर्थिक सहयोग (एपेक) शिखर सम्मेलनको साइडलाइनमा विश्वका तीन प्रमुख शक्ति राष्ट्रका नेताहरूबीच यो भेटवार्ता तय भएको हो। ह्वाइट हाउसकी प्रवक्ता ओलिभिया वेल्सले पत्रकारहरूसँग कुरा गर्दै विश्वमा परमाणु हतियारको न्यूनीकरण लगायतका विषयमा छलफल गर्न राष्ट्रपति ट्रम्प उत्साहित रहेको जानकारी दिइन्। विश्वका ठूला परमाणु शक्ति राष्ट्रका प्रमुखहरूको यस बैठकमा इरानको विषयमा समेत छलफल हुन सक्ने तर युक्रेनको विषय भने एजेन्डामा नरहेको बुझिएको छ। यस भेटवार्ताबाट कुनै ठोस सम्झौता हुने अपेक्षा भने नगरिएको एक वरिष्ठ अमेरिकी अधिकारीलाई उद्धृत गर्दै समाचार संस्था एपी र रोयटर्सले जनाएका छन्। यद्यपि, मस्को र बेजिङले भने यस त्रिपक्षीय भेटबारे औपचारिक प्रतिक्रिया दिइसकेका छैनन्।

भ्रमण तालिका र द्विपक्षीय भेट

२१ सदस्य राष्ट्र सहभागी हुने दुई दिने एपेक शिखर सम्मेलनका लागि राष्ट्रपति ट्रम्प आगामी बुधवार अबेर सेन्जेन पुग्नेछन्। उनले बिहीवार चिनियाँ राष्ट्रपति सीसँग द्विपक्षीय वार्तासमेत गर्नेछन्। सन् २०२५ मा ट्रम्प पुनः राष्ट्रपति बनेपछि सीसँग हुन लागेको यो चौथो भेटवार्ता हो। भ्रमणको अन्त्यमा ट्रम्प, सी र पुटिनबीच त्रिपक्षीय बैठक हुने प्रवक्ता वेल्सले बताइन्। चीन जानुअघि ट्रम्पले मङ्गलवार फिलिपिन्समा हुने दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन (आसियान) को शिखर सम्मेलनमा पनि सहभागिता जनाउनेछन्। यो भ्रमणले इन्डो–प्यासिफिक क्षेत्रमा अमेरिकाको हित प्रवर्द्धन गर्ने ह्वाइट हाउसको विश्वास छ। गत फरवरीमा अमेरिका र रूसबीचको परमाणु हतियार नियन्त्रण सन्धिको म्याद सकिएपछि विश्वका ठूला परमाणु भण्डारहरू प्रमुख निगरानीबिना रहेका छन्। संयुक्त राष्ट्रसङ्घले ढिलाइ नगरी नयाँ सम्झौता गर्न दुवै पक्षलाई आग्रह गर्दै आएको छ। राष्ट्रपति ट्रम्पले भने आफ्नो परमाणु क्षमता विस्तार गरिरहेको चीनलाई समेत समेटेर अझ राम्रो नयाँ सम्झौता गर्न सकिने बताउँदै आएका छन्। यसअघि यसै वर्षको सुरुमा चिनियाँ राष्ट्रपति सीले बेजिङमा पुटिन र ट्रम्पलाई छुट्टाछुट्टै स्वागत गरेका थिए भने सेप्टेम्बरमा ट्रम्पले सीलाई वाशिङटनमा स्वागत गरेका थिए। चिनियाँ सरकारी सञ्चारमाध्यमले शुक्रवार एपेक सम्मेलनका क्रममा राष्ट्रपति सीले 'द्विपक्षीय' वार्ताहरू गर्ने उल्लेख गरे पनि त्रिपक्षीय बैठकबारे केही खुलाएको छैन।

अमेरिकामा 'बर्थ टुरिज्म' विरुद्ध कारबाही तीव्र, ६ हजारभन्दा बढ़ी विदेशीको भिसा रद्द

वाशिङटन, १४ नोभेम्बरः अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले 'बर्थ टुरिज्म' अर्थात् अमेरिकामा बच्चा जन्माउनकै लागि विदेशी नागरिकले गर्ने यात्राविरुद्धको कारबाही तीव्र बनाएको छ। अमेरिकी विदेश मन्त्रालयले यस्तो गतिविधिमा संलग्न भएको वा त्यसलाई सहयोग गरेको आरोपमा ६ हजारभन्दा बढ़ी विदेशी नागरिकको भिसा रद्द गरेको जनाएको छ। विदेश मन्त्रालयले सामाजिक सञ्जाल एक्समार्फत दिएको जानकारीअनुसार, मन्त्रालयअन्तर्गतको 'बर्थ टुरिज्म प्रिभेन्सन टास्क फोर्स'ले अहिलेसम्म ६ हजारभन्दा बढ़ी भिसा रद्द गरेको हो। यसअघि ३१ अक्टोबरमा मन्त्रालयले ४ हजारभन्दा बढ़ी भिसा रद्द गरिएको जानकारी दिएको थियो। मन्त्रालयले गैरकानुनी गतिविधिमा संलग्न व्यक्तिहरूको पहिचान गरी उनीहरूलाई जवाफदेही बनाउने बताएको छ। यद्यपि, पछिल्लो विवरणमा कुन देशका कति नागरिकको भिसा रद्द गरिएको हो भन्ने खुलाइएको छैन। अक्टोबरमा सार्वजनिक गरिएको विवरणअनुसार रद्द गरिएका भिसामध्ये ७ सयभन्दा बढ़ी चिनियाँ नागरिकका थिए। नयाँ विवरणमा भने देशअनुसारको तथ्याङ्क उल्लेख गरिएको छैन।

भिसा रद्द हुनु देशनिकाला वा अपराधी ठहरिनु होइन

अमेरिकी विदेश मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्क भिसा रद्दसँग सम्बन्धित छ। भिसा रद्द हुँदैमा सम्बन्धित व्यक्ति अमेरिकाबाट देशनिकाला भएको वा कुनै अपराधमा दोषी ठहरिएको भन्ने अर्थ नलाग्ने स्पष्ट पारिएको छ। अमेरिकी विदेश मन्त्रालयको नियमअनुसार, अमेरिकामा बच्चा जन्माएर उसलाई अमेरिकी नागरिकता दिलाउने मुख्य उद्देश्यले गरिने यात्रा बी–१/बी–२ गैरआप्रवासी भिसा जारी गर्ने वैध आधार मानिँदैन। नियमअनुसार, कन्सुलर अधिकारीलाई कुनै महिला अमेरिका भ्रमणका क्रममा बच्चा जन्माउने उद्देश्यले यात्रा गर्न लागेको विश्वास गर्ने आधार भएमा उनको भिसा आवेदनमाथि थप जाँच हुन सक्छ। यस्तो अवस्थामा आवेदकले आफ्नो यात्रा बर्थ टुरिज्मका लागि नभएको प्रमाणित गर्नुपर्ने हुन्छ। अमेरिकामा जन्मिएका बालबालिकाको नागरिकतासम्बन्धी कानुनी व्यवस्थामा भने यस कारबाहीले कुनै परिवर्तन गरेको छैन।

अगस्टदेखि विशेष टास्क फोर्स सक्रिय

अमेरिकी विदेश मन्त्रालयले गत १२ अगस्टमा 'बर्थ टुरिज्म प्रिभेन्सन टास्क फोर्स' गठन गरेको थियो। त्यतिबेला नै विश्वभर ६ सयभन्दा बढ़ी भिसा रद्द गरिसकेको मन्त्रालयले जनाएको थियो। त्यसपछि २३ सेप्टेम्बरमा अमेरिकी विदेशमन्त्री मार्को रुबियोले जानाजानी बर्थ टुरिज्ममा संलग्न हुने वा त्यसलाई प्रोत्साहन गर्ने व्यक्तिहरूविरुद्ध भिसा प्रतिबन्ध लगाउने घोषणा गरेका थिए। यस्तो गतिविधिमा संलग्न व्यक्तिका परिवारका केही सदस्यसमेत प्रतिबन्धको दायरामा पर्न सक्ने विभागले जनाएको छ। यसका अतिरिक्त, विदेश मन्त्रालयले भिसा ठगीसम्बन्धी सूचना दिन सकिने अनलाइन पोर्टलसमेत सञ्चालनमा ल्याएको छ।

ताकाइची एपेक सम्मेलनमा सहभागी हुन चीन जाने

टोक्यो, १४ नोभेम्बरः जापानकी प्रधानमन्त्री साने ताकाइची आगामी साता चीन र फिलिपिन्सको भ्रमणमा जाने भएकी छन्। प्रधानमन्त्री बनेपछि उनको यो पहिलो चीन भ्रमण हुनेछ। भ्रमणका क्रममा क्षेत्रीय आर्थिक सहकार्य, व्यापार तथा चीनसँगको सम्बन्धका विषयमा छलफल हुने अपेक्षा गरिएको छ। उपमुख्य मन्त्रिपरिषद् सचिव मसानाओ ओजाकीका अनुसार ताकाइचीले नोभेम्बर १६ देखि १९ सम्म दुई देशको भ्रमण गरी दक्षिणपूर्वी एसियाली राष्ट्र सङ्घ सम्बन्धी बैठक र एसिया–प्रशान्त आर्थिक सहयोग (एपेक) शिखर सम्मेलनमा भाग लिनेछिन्। एपेक सम्मेलनमा व्यापार, लगानी, क्षेत्रीय आर्थिक एकीकरण, ऊर्जा सुरक्षा र डिजिटल अर्थतन्त्रका विषयमा जापानको धारणा प्रस्तुत गरिने ओजाकीले बताएका छन्। सम्मेलनका क्रममा चिनियाँ राष्ट्रपति सी जिनपिङसँग भेट हुने सम्भावना रहे पनि औपचारिक द्विपक्षीय बैठक हुने सम्भावना कम रहेको विश्लेषकहरूको भनाइ छ। गत महिना ताकाइचीले चीनलाई महत्त्वपूर्ण छिमेकी बताउँदै स्थिर र सकारात्मक सम्बन्ध निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरेकी थिइन्। यसअघि ताइवानसम्बन्धी उनको अभिव्यक्तिपछि चीनले जापान भ्रमणबारे आफ्ना नागरिकलाई सावधानी अपनाउन आग्रह गरेको थियो।

ट्रम्पद्वारा भान्सलाई घरेलु मुद्दामा केन्द्रित हुन निर्देशन

वाशिङटन, १४ नोभेम्बरः अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उपराष्ट्रपति जेडी भान्सलाई इरान युद्धबाट ध्यान हटाएर भ्रष्टाचार र अपराधविरुद्धको अभियानमा केन्द्रित हुन निर्देशन दिएका छन्। मध्यावधि निर्वाचनमा रिपब्लिकन पार्टीले पराजय बेहोरेपछि युद्धको आर्थिक तथा राजनीतिक प्रभावबारे आलोचना बढ़िरहेका बेला ट्रम्पको यस्तो निर्देशन आएको हो। ट्रम्पले इरानसँग सम्झौता गर्न आवश्यक नरहेको दाबी गर्दै अमेरिकाले आफ्नो पैसा र हर्मुज जलघाँटीमाथि नियन्त्रण प्राप्त गरिसकेको बताएका छन्। तर, आवश्यक परे इरानमाथि सैन्य आक्रमण पुनः शुरु गर्न आफू तयार रहेको उनले स्पष्ट पारेका छन्। युद्ध अन्त्यका लागि वार्ताको नेतृत्व गरेका भान्सले निर्वाचनमा रिपब्लिकनहरूको पराजयको एउटा कारण इरान युद्ध भएको टिप्पणी गरेका थिए।

यसैबिच, इरानका मुख्य वार्ताकार तथा संसद्का अध्यक्ष मोहम्मद बाघेर कालिबाफले अमेरिकाले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनमार्फत प्रत्यक्ष वार्ताका लागि पहल गरेको दाबी गरेका छन्।

एआई प्रविधिमा लगानी बढ़ाउने र सहकार्य सुदृढ़ गर्ने ईयूको तयारी



डबलिन, १४ नोभेम्बरः युरोपेली सङ्घ (ईयू) का नेताहरूले कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधिको विकास, लगानी विस्तार तथा सदस्य राष्ट्रबिचको सहकार्यलाई थप प्रभावकारी बनाउँदै युरोपको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। साथै, युक्रेनमा जारी द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि भइरहेका कूटनीतिक प्रयासलाई सहयोग पुऱ्याउने उद्देश्यले युरोपको प्रतिनिधित्व गर्ने संयुक्त वार्ता टोली गठन गर्ने सहमति गरेका छन्। आयरल्याण्डका प्रधानमन्त्री माइकल मार्टिनको आतिथ्यमा शुक्रवार डब्लिनमा सम्पन्न ईयू नेताहरूको अनौपचारिक बैठकमा एआई प्रविधिको विकास, आर्थिक प्रतिस्पर्धात्मकता तथा तीव्र गतिमा विकसित भइरहेको प्रविधिका सम्भावित जोखिमबारे विस्तृत छलफल भएको थियो। बैठकलाई ईयू नेताहरूबिच एआईसम्बन्धी विषयमा भएको पहिलो विस्तृत छलफलका रूपमा लिइएको छ।

युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टाले एआई प्रविधिको विकास र प्रयोगलाई तीव्रता दिनुका साथै महत्त्वपूर्ण प्रविधिमा बाह्य निर्भरता घटाउन आवश्यक रहेको बताएका छन्। उनले यसका लागि सार्वजनिक तथा निजी क्षेत्रबाट पर्याप्त लगानी परिचालन गर्नुपर्नेमा जोड दिए। उनका अनुसार ईयूको आगामी दीर्घकालीन बजेट र प्रस्तावित युरोपेली प्रतिस्पर्धात्मकता कोषले युरोपको प्रविधिगत क्षमता अभिवृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ। युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डर लेयेनले एआई प्रविधिको विकासलाई थप प्रोत्साहन गर्न युरोपमा सातवटा विशाल एआई केन्द्र स्थापना गर्ने योजना रहेको जानकारी दिएकी छन्।

ती केन्द्रका लागि आवश्यक कम्प्युटिङ पूर्वाधार विकास गर्न करिब ३० अरब युरो परिचालन गर्ने अपेक्षा गरिएको छ। उनका अनुसार युरोपको समग्र प्रविधिगत आत्मनिर्भरता अभिवृद्धि गर्न कम्तीमा ५०० अरब युरो लगानी आवश्यक पर्नेछ। यससम्बन्धी महत्त्वाकाङ्क्षी वित्तीय प्रस्ताव आगामी बैठकमा प्रस्तुत गर्ने तयारी रहेको उनले बताएकी छन्। यसैगरी, फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोंले २ दिसम्बरमा पेरिसमा युरोपेली प्रविधि क्षेत्रका अगुवाहरूको बैठक आयोजना गरिने जानकारी दिएका छन्। नेदरल्याण्ड्सका प्रधानमन्त्री रोब जेटेनसँगको सहकार्यमा आयोजना हुने उक्त बैठकले प्रविधि क्षेत्रका उद्यमी तथा नेतृत्वकर्ताबिच सहकार्य विस्तार गर्दै युरोपको प्रविधिगत आत्मनिर्भरतालाई थप सुदृढ़ बनाउने लक्ष्य राखेको छ।

बैठकमा एआई प्रविधिको सुरक्षित प्रयोग, प्रभावकारी नियमन तथा समाजमा पर्न सक्ने प्रभावबारे पनि छलफल भएको थियो। कोस्टाले एआईको विकास र प्रयोगलाई जिम्मेवार तथा सुरक्षित बनाउन उचित निगरानी र अन्तरराष्ट्रिय सहकार्य आवश्यक रहेको बताए। यस विषयमा सन् २०२७ को फरवरीमा पुनः छलफल गरिने र सोही वर्षको सामाजिक शिखर सम्मेलनमा एआईको सामाजिक प्रभावलाई प्रमुख विषय बनाइने पनि उनले जानकारी दिए।

यसैबिच, युक्रेनमा जारी द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि भइरहेका कूटनीतिक प्रयास पनि बैठकको प्रमुख एजेन्डा बनेका थिए। कोस्टाका अनुसार ईयूका संस्थाहरू तथा बेलायत, फ्रान्स, जर्मनी, इटाली र पोल्यान्ड सम्मिलित युरोपेली टोलीले युक्रेनसम्बन्धी शान्ति वार्तामा युरोपको प्रतिनिधित्व गर्नेछ। उनले शान्ति वार्ताका क्रममा युरोपले स्पष्ट र एकीकृत धारणा प्रस्तुत गर्नुपर्नेमा जोड़ दिइन्। युरोपेली आयोगकी अध्यक्ष भोन डर लेयेनले पनि उक्त टोलीमा युरोपेली परिषद्, युरोपेली आयोग र पाँच युरोपेली राष्ट्रका प्रतिनिधि सहभागी हुने जानकारी दिएकी छन्।

युक्रेनलाई आगामी वर्ष तथा त्यसपछिका अवधिमा आवश्यक पर्ने आर्थिक सहयोगबारे २६ र २७ नोभेम्बरमा हुने ईयू परिषद्को बैठकमा छलफल गरिने कोस्टाले बताएका छन्। युरोपेली आयोगले उक्त बैठकअघि रूसमाथि २२औं चरणको प्रतिबन्ध प्रस्ताव तथा सन् २०२७ का लागि युक्रेनको वित्तीय आवश्यकता सम्बोधन गर्ने योजना प्रस्तुत गर्ने जनाएको छ। यसअघि बिहीवार डब्लिनमा सम्पन्न नवौं युरोपेली राजनीतिक समुदायको शिखर सम्मेलनमा पनि युरोपका विभिन्न देशका नेताहरूले क्षेत्रीय सुरक्षा, आर्थिक प्रतिस्पर्धात्मकता तथा युक्रेन द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि भइरहेका प्रयासबारे छलफल गरेका थिए।

एनभिडियाका पूर्वसीईओ हुआङको अर्की कर्मचारीसँग पनि अन्तरङ्ग सम्बन्ध रहेको खुलासा



सानफ्रान्सिस्को, १४ नोभेम्बरः अमेरिकी चिप निर्माता कम्पनी एनभिडियाका पूर्वप्रमुख कार्यकारी अधिकृत (सीईओ) जेन्सेन हुआङको कम्पनीकै अर्की एक कर्मचारीसँग पनि अन्तरङ्ग सम्बन्ध रहेको खुलासा भएको छ। चिनियाँ जासुस दाबी गरिएकी महिलासँग सम्बन्ध रहेको सार्वजनिक भएपछि पदबाट राजीनामा दिएका हुआङको अर्को सम्बन्धबारे पनि जानकारी बाहिरिएको हो। यस विषयमा जानकार दुई व्यक्तिलाई उद्धृत गर्दै समाचार संस्था रोयटर्सले हुआङको अर्की कर्मचारीसँग समेत अन्तरङ्ग सम्बन्ध रहेको जनाएको छ। यद्यपि, रोयटर्सले ती महिलाको नाम सार्वजनिक गरेको छैन। उनीसँग प्रतिक्रिया लिन गरिएको प्रयास पनि सफल हुन नसकेको जनाएको छ।

यसअघि हुआङको दुई महिलासँग विवाहबाहिरको सम्बन्ध रहेको विवरण सार्वजनिक भएको थियो। तीमध्ये एलिस हुआङलाई अमेरिकी गुप्तचर अधिकारीहरूले चिनियाँ सरकारका लागि जासुसी गरेको आशङ्का गरेका थिए। अर्की महिला एनभिडियाकी स्वास्थ्य सेवा विभागकी उपाध्यक्ष किम्बर्ली पावेल हुन्। एनभिडियाले भने यस विषयमा टिप्पणी गर्न अस्वीकार गरेको छ। हुआङ, पावेल र कम्पनीको सञ्चालक समितिका प्रतिनिधिले पनि टिप्पणीका लागि पठाइएका अनुरोधको जवाफ दिएका छैनन् भने एलिस हुआङसँग पनि सम्पर्क हुन नसकेको रोयटर्सले जनाएको छ। गत ८ नोभेम्बरमा एलिस हुआङसँगको सम्बन्धबारे समाचार सार्वजनिक भएपछि जेन्सेन हुआङले एउटा वक्तव्य जारी गर्दै आफूले विवाहबाहिर सम्बन्ध राखेको स्वीकार गरेका थिए। यद्यपि, उनले आफ्नो वक्तव्यमा ती महिलाको नाम उल्लेख गरेका थिएनन्। ६३ वर्षीय हुआङ विवाहित हुन् भने एलिस हुआङसँगको सम्बन्धबारे समाचार सार्वजनिक भएपछि उनीमाथि राजीनामा दिन दबाब बढ़ेको थियो। अन्ततः बिहीवार उनले एनभिडियाको सीईओ पदबाट राजीनामा दिएका छन्।

रूसले थापेको 'पासो'मा नफस्न युरोपलाई काल्लासको चेडउनी

कीव, १४ नोभेम्बरः युरोपेली सङ्घ (ईयू) की विदेश नीति प्रमुख काजा काल्लासले युक्रेन युद्ध अन्त्यका लागि हुने वार्तामा रूसले थापेको 'पासो'मा नफस्न युरोपेली देशहरूलाई चेतावनी दिएकी छन्। उनले सुरक्षा व्यवस्थासम्बन्धी विषयमा छलफल गर्नुअघि युद्धविराम कायम गर्नुपर्नेमा जोड़ दिएकी छन्। डब्लिनमा आयोजित ईयू शिखर सम्मेलनका क्रममा पत्रकारहरूसँग कुरा गर्दै काल्लासले रूसले उठाएका सुरक्षा संरचनासम्बन्धी विषयमा छलफल गर्दा युद्धविरामको मुख्य मुद्दा ओझेलमा पर्न सक्ने बताइन्। ''सबैभन्दा पहिले हामीलाई युद्धविराम चाहिएको छ। यदि हामीले रूसले उठाएका सुरक्षा संरचनासम्बन्धी विषयमा छलफल गर्न थाल्यौं भने रूसले थापेको पासोमा पर्नेछौं। यसले युद्धविराम नभएको मुख्य विषयबाट ध्यान अन्यत्र मोड्नेछ,'' उनले भनिन्।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको वार्तापछि अमेरिकी प्रतिनिधिहरूले बिहीवार भविष्यका वार्तामा युरोपलाई पनि सहभागी गराउने बताएका थिए। तर, क्रेमलिनले यसबारे कुनै निर्णय नभएको जनाएपछि योजनामा अन्योल देखिएको छ। युरोपले लामो समयदेखि शान्ति वार्तामा आफ्नो सहभागिताका लागि जोड़ दिँदै आएको छ। अमेरिकी प्रतिनिधि तथा राष्ट्रपति डोनाल्ड ट्रम्पका ज्वाइँ जारेड कुशनरले युरोपलाई वार्तामा सहभागी गराउँदा युद्धपछिको युरोपेली सुरक्षा व्यवस्थाबारे छलफल गर्न सहज हुने बताएका छन्। युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनले पनि शान्ति वार्तामा युरोपको सहभागिता आवश्यक रहेको बताएकी छन्। यसले युरोपको हित संरक्षण गर्नुका साथै युक्रेनलाई सहयोग पुग्ने उनको भनाइ छ। यसैबीच, वार्तामा युरोपको प्रतिनिधित्व कसले गर्ने भन्ने विषयमा ईयूका नेताहरूले डब्लिनमा छलफल गर्ने तयारी गरेका छन्। आयरल्याण्डका प्रधानमन्त्री माइकल मार्टिनले आगामी एक वा दुई साताभित्र यसबारे निर्णय हुनुपर्ने बताएका छन्। यसअघि अबुधाबीमा भएको वार्तामा बेलायत, फ्रान्स र जर्मनीका अधिकारी तथा ईयूका प्रतिनिधि सहभागी भएका थिए। जर्मन चान्सलर फ्रेडरिक मेर्जलगायत नेताहरूले पनि संयुक्त प्रतिनिधित्वको संरचनालाई निरन्तरता दिनुपर्ने धारणा राखेका छन्। काल्लासले भने प्रतिनिधि छनोटमा अल्झिनुभन्दा युद्धविरामको मुख्य उद्देश्यमा केन्द्रित हुन युरोपलाई आग्रह गरेकी छन्। रूसले आफूलाई वार्तामा नचाहेको थाहा भए पनि युरोपको प्रतिनिधि कसले हुने भन्ने निर्णय गर्ने अधिकार रूससँग नरहेको उनको भनाइ छ।

यमनमा सर्वसाधारणको सुरक्षाप्रति राष्ट्रसङ्घको चासो

यमन, १४ नोभेम्बरः संयुक्त राष्ट्रसङ्घले यमनमा सर्वसाधारण नागरिक तथा नागरिक पूर्वाधारमाथि भइरहेका आक्रमणप्रति गम्भीर चासो व्यक्त गर्दै द्वन्द्वमा संलग्न सबै पक्षलाई नागरिकको जीवन, सुरक्षा र मानवीय मर्यादाको सम्मान गर्न आग्रह गरेको छ। संयुक्त राष्ट्रसङ्घका महासचिवका उपप्रवक्ता फरहान हकले शुक्रवार यमनका विभिन्न क्षेत्रमा ड्रोन, क्षेप्यास्त्र, हवाई आक्रमण तथा गोलाबारीका घटनाबाट सर्वसाधारण प्रभावित भइरहेको बताएका छन्। उनका अनुसार अस्पताल, बजार तथा सर्वसाधारणका घरजस्ता सुरक्षित मानिएका स्थानसमेत आक्रमणबाट प्रभावित भइरहेका छन्। यस्ता घटनामा बालबालिकासहित सर्वसाधारणको ज्यान जानुका साथै धेरै घाइते भएका छन्।

हकले द्वन्द्वका क्रममा सर्वसाधारणले भोग्नुपरेको मानवीय पीड़ाप्रति ध्यानाकर्षण गराउँदै यस्ता घटनालाई सामान्य अवस्थाका रूपमा लिन नहुने बताए। उनले द्वन्द्वमा संलग्न सबै पक्षलाई अन्तरराष्ट्रिय कानुन तथा मानवीय दायित्वको सम्मान गर्न र नागरिकको सुरक्षाका लागि सम्भव भएसम्म आवश्यक सावधानी अपनाउन आग्रह गरेका छन्। साथै, अन्तरराष्ट्रिय कानुन उल्लङ्घनका घटनामा संलग्न व्यक्तिलाई जवाफदेही बनाउने व्यवस्था सुनिश्चित गर्नुपर्नेमा पनि उलले जोड दिएका छन्। यसैबिच, संयुक्त राष्ट्रसङ्घका मानवअधिकार उच्चायुक्त भोल्कर टर्कले हुथी नियन्त्रणमा रहेका बेला मृत्यु भएका राष्ट्रसङ्घीय कर्मचारी मोहम्मद इब्राहिम अल–शामीको शव परिवारलाई यथाशीघ्र बुझाउन आग्रह गरेका छन्।

अमेरिकामा हवाई उड़ान प्रतिबन्ध फुकुवा उड़ान तालिका सामान्य हुन अझै समय लाग्ने



वाशिङटन, १४ नोभेम्बरः प्राविधिक गड़बड़ीका कारण अमेरिकाभर लगाइएको राष्ट्रव्यापी हवाई उड़ान प्रतिबन्ध (ग्राउन्ड स्टप) फुकुवा गरिएको छ। अमेरिकी यातायात मन्त्री शन डफीले प्राविधिक अवरोध हटेसँगै देशभरका उड़ानहरू पुनः सुचारु गर्न अनुमति दिइएको जानकारी दिए। सन् २००१ को सेप्टेम्बर ११ को आक्रमणपछिकै सबैभन्दा ठूलो मानिएको यस उड़ान अवरोधका कारण हजारौं यात्रु विमानस्थलमै अलपत्र परेका छन्। यातायात मन्त्री डफीका अनुसार हवाई सेवा सुचारु भए पनि उड़ान तालिकामा देखिएको अस्तव्यस्तता सामान्य अवस्थामा फर्किन अझै केही समय लाग्नेछ। सङ्घीय उड्डयन प्रशासन (एफएए) को आग्रहमा युरोपबाट अमेरिका आउने उड़ानहरूसमेत स्थगित गरिएका थिए।

साइबर आक्रमणको प्रमाण छैन : होमल्याण्ड सेक्युरिटी

ह्वाइट हाउसका अधिकारीहरूका अनुसार एयर ट्राफिक कन्ट्रोलको सञ्चार प्रणालीमा आएको समस्याका कारण उड़ान रोकिएको हो। यसैबीच, होमल्याण्ड सेक्युरिटी मन्त्री मार्कवेन मुलिनले यो घटना अमेरिकाविरुद्धको साइबर आक्रमण भएको कुनै प्रमाण फेला नपरेको स्पष्ट पारे। उड़ान प्रतिबन्ध हटेसँगै डेल्टा एयरलाइन्स लगायतका प्रमुख अमेरिकी वायुसेवा कम्पनीहरूले सामाजिक सञ्जालमार्फत उड़ानहरू सुरक्षित रूपमा पुनः शुरु गरिएको जनाएका छन्। यद्यपि, रोकिएका उड़ानहरूको चाप (ब्याकलग) घटाउन विमानस्थल कर्मचारीहरूलाई हम्मेहम्मे परेको छ। न्यूजर्सीको न्यूयोर्क विमानस्थलमा घण्टौंदेखि पर्खिरहेका यात्रुहरू उड़ान खुल्ने खबरसँगै उत्साहित देखिएका छन् र अलास्का एयरलाइन्स लगायतका उड़ानमा बोर्डिङ सुरु भएको छ। तर, कतिपय विमानस्थलमा स्पष्ट जानकारीको अभाव हुँदा यात्रुहरूले सास्ती खेप्नुपरेको छ।

एसटीएनएम अस्पताल र नयाँ दिल्लीस्थित इन्द्रप्रस्थ अपोलो अस्पतालद्वारा सुपर-स्पेशलिटी ओपीडी शिविर आयोजित



गान्तोक, १४ नोभेम्बरः नयाँ दिल्लीस्थित इन्द्रप्रस्थ अपोलो अस्पतालको सहकार्यमा १३ नोभेम्बरको दिन गान्तोकको सोकेथाङ स्थित एसटीएनएम अस्पतालमा एक सुपर-स्पेशलिटी ओपीडी शिविर आयोजन गरियो।

यस पहलको मुख्य उद्देश्य अर्थोपेडिक्स (हाड्जोर्नी तथा नसा), हेमाटो-अन्कोलोजी (रगत तथा क्यान्सर रोग), इन्टरभेन्शनल कार्डियोलोजी (मुटु रोगसम्बन्धी विशेष उपचार), ग्यास्ट्रोइन्टेरोलोजी र हेपाटोलोजी (पेट तथा कलेजो रोग) लगायतका विभिन्न अति-विशिष्ट चिकित्सा क्षेत्रहरूमा बिरामीहरूलाई विशेषज्ञ परामर्श र स्वास्थ्यसम्बन्धी सल्लाह उपलब्ध गराउनु थियो।

यो ओपीडी शिविर विशेष गरी सिक्किमका ती बिरामीहरूका लागि निकै लाभदायक रह्यो, जो पहिले विशेषज्ञ परामर्श र उपचारका लागि नयाँ दिल्लीस्थित इन्द्रप्रस्थ अपोलो अस्पताल जाने गर्थे। यस पहलमार्फत, त्यस्ता बिरामीहरूले एसटीएनएम अस्पतालमै आएका अपोलोका विशेषज्ञहरूसँग परामर्श लिने अवसर पाए। यसले विशेषज्ञ चिकित्सा परामर्शलाई थप सुलभ र सहज बनाउनुका साथै राज्यबाहिर बारम्बार यात्रा गर्नुपर्ने आवश्यकतालाई पनि कम गऱ्यो।

विशेषज्ञहरूको टोलीमा वरिष्ठ परामर्शदाता, अर्थोपेडिक्स (हाड्जोर्नी), जोइन्ट रिप्लेसमेन्ट (जोर्नी प्रत्यारोपण) र रोबोटिक सर्जरी डा. हविन्द्र टण्डन, वरिष्ठ परामर्शदाता, हेमाटो-अन्कोलोजी (रगत तथा क्यान्सर रोग) डा. अमिता महाजन, वरिष्ठ परामर्शदाता, इन्टरभेन्शनल र स्ट्रक्चरल कार्डियोलोजी (मुटु रोग) डा. गौतम नाइक र वरिष्ठ परामर्शदाता, ग्यास्ट्रोइन्टेरोलोजी र हेपाटोलोजी (पेट तथा कलेजो रोग) डा. हितेन्द्र गर्ग सामेल थिए।

ओपीडी शिविरको क्रममा, विशेषज्ञहरूले बिरामीहरूलाई परामर्श दिनुका साथै उनीहरूको मेडिकल रिपोर्टहरूको समीक्षा गरे तथा आवश्यक चिकित्सा सल्लाह र थप उपचारका लागि मार्गदर्शन प्रदान गरे।

यस पहलको एउटा मुख्य पक्ष भनेको अपोलोका विशेषज्ञ र एसटीएनएम अस्पतालका स्थानीय चिकित्सकहरूबीच प्रत्यक्ष अन्तरक्रिया र व्यावसायिक सहकार्यको अवसर सिर्जना हुनु हो। नैदानिक विशेषज्ञताको यो आदान-प्रदान र ज्ञानको साझेदारीले चिकित्सा टोलीहरूबीच समन्वय बलियो बनाउन, बिरामीहरूको व्यवस्थापन अझ प्रभावकारी बनाउन र राज्यभित्रै अति-विशिष्ट स्वास्थ्य सेवाहरूमा सुधार ल्याउन मद्दत पुऱ्याउनेछ। सबैभन्दा महत्त्वपूर्ण कुरा, यसले सिक्किमका जनतालाई ठूलो सुविधा प्रदान गर्नेछ; उनीहरूले आफ्नै घर नजिकै विशेषज्ञ चिकित्सा परामर्श प्राप्त गर्न सक्नेछन् र उपचार प्रक्रियामा निरन्तरता कायम रहनेछ।

कार्यक्रमको एक हिस्साका रूपमा, अपराह्न ३:०० बजी एसटीएनएम अस्पतालको पाँचौँ तल्लास्थित सेमिनार हल (क्लिनिकल डेमोन्स्ट्रेशन रुम - बालरोग विभाग)-मा कन्टिन्युइङ मेडिकल एजुकेशन' (सीएमई) कार्यक्रम तथा विशेषज्ञहरूसँगको अन्तरक्रियात्मक सत्र आयोजन गरियो। यस सत्रमा एसटीएनएम अस्पतालका एएमएस-I डा. सुरेश मदन रसाइलीको उपस्थिति थियो भने कार्यक्रममा चिकित्सक, नर्सिङ अधिकारी र अन्य सम्बन्धित स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा कुल २५ जना नर्सिङ अधिकारी तथा स्टाफ नर्सहरू सहभागी थिए।

सीएमई (निरन्तर चिकित्सा शिक्षा) सत्रको क्रममा, आमन्त्रित विशेषज्ञहरूले विभिन्न विषयमा जानकारीमूलक प्रस्तुति दिए, जसमा क्यान्सर उपचारको नतिजामा परिवर्तन: प्रिसिजन अन्कोलोजीको सम्भावना, हड्डीको स्वास्थ्य र बाथ रोगको उपचार, अत्याधुनिक एन्डोस्कोपिक प्रक्रिया र अत्याधुनिक कार्डियाक (मुटु सम्बन्धी) प्रक्रियाहरू सामेल थिए।

यी प्रस्तुतीकरणहरूले विशेष चिकित्सा सेवामा भएका हालैका प्रगति, उपचारका नवीन विधि र अत्याधुनिक क्लिनिकल प्रक्रियाहरूबारे महत्त्वपूर्ण जानकारी प्रदान गरे। यस अन्तरक्रियात्मक सत्रले आमन्त्रित विशेषज्ञ र एसटीएनएम अस्पतालका स्वास्थ्यकर्मीहरूबीच ज्ञानको आदान-प्रदान, नैदानिक चर्चा र व्यावसायिक अन्तरक्रियालाई थप सहज बनायो।

यस कार्यक्रमले प्रतिष्ठित स्वास्थ्य संस्थाहरूसँगको सहकार्यमार्फत विशेष स्वास्थ्य सेवाहरूलाई मजबुत पार्ने सिक्किम सरकार र एसटीएनएम अस्पतालको प्रतिबद्धतालाई झल्काउँछ। यस्ता पहलहरूले स्थानीय स्वास्थ्यकर्मीहरूको व्यावसायिक क्षमता अभिवृद्धि गर्नुका साथै सिक्किमका जनताका लागि गुणस्तरीय र विशेष चिकित्सा सेवामा सहज पहुँच सुनिश्चित गर्ने अपेक्षा गरिएको छ। सुपर-स्पेशलिटी ओपीडी क्याम्प र सीएमई कार्यक्रम दुवै सफलतापूर्वक सम्पन्न भए। यसले संस्थागत सहकार्यलाई प्रवर्द्धन गर्नुका साथै जनताका लागि गुणस्तरीय, सुलभ र बिरामी-केन्द्रित स्वास्थ्य सेवा सुनिश्चित गर्न मद्दत पुऱ्याएको छ।

शिक्षा विभागद्वारा बाल दिवस पालन

गान्तोक, १४ नोभेम्बरः सिक्किम सरकारको शिक्षा विभागले प्रथम प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरूको जयन्तीको अवसरमा शनिवार बाल दिवस समारोह आयोजन गरेको छ। गान्तोकस्थित सम्मान भवन नजिकैको नेहरू पार्कमा आयोजित कार्यक्रममा बालकबालिकाप्रति विशेष स्नेह र प्रेमका कारण 'चाचा नेहरू'-का रूपमा परिचित पण्डित जवाहरलाल नेहरूलाई स्मरण गरियो।

कार्यक्रममा शिक्षामन्त्री राजु बस्नेत मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए। यस अवसरमा शिक्षा विभागका प्रधान सचिव सन्दीप ताम्बे, विद्यालय शिक्षा सचिव टाशी छोपेल तथा पीसीई एवं सचिव चेतराज मिश्रलगायत विभागका निर्देशक, अधिकारी, शिक्षक तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो।

कार्यक्रमको क्रममा मुख्य अतिथि शिक्षा मन्त्री बस्नेतले पण्डित जवाहरलाल नेहरूको अर्धकदको प्रतिमामा माल्यार्पण गरी श्रद्धाञ्जली अर्पण गरे। त्यसपछि शिक्षा विभागका अन्य अधिकारीहरूले पनि श्रद्धाञ्जली अर्पण गरेका थिए। समारोहमा राज्यका विभिन्न सरकारी विद्यालयका करिब १०० जना विद्यार्थीले सहभागिता जनाएका थिए। मन्त्री बस्नेतले बालकबालिकाहरूसँग अन्तरक्रिया गर्दै उनीहरूसँग आत्मीय क्षण बिताए साथै उनले बालकबालिकाहरूलाई मिठाई वितरण गरेपछि समारोहमा थप उत्साह र खुशी छाएको थियो।

लालकिल्ला विस्फोट प्रकरण: मुजम्मिल र शाहीनद्वारा षड्यन्त्रमा संलग्नता अस्वीकार

नयाँ दिल्ली, १४ नोभेम्बर (हिस): दिल्लीको राउज एभिन्यु अदालतमा शनिबार लालकिल्ला विस्फोट प्रकरणका आरोपी डा. मुजम्मिल शकील र डा. शाहीन सईदका तर्फबाट आरोप तय गर्ने विषयमा बहस प्रस्तुत गरियो। दुवै आरोपीका तर्फबाट यस विस्फोटको षड्यन्त्रसँग आफ्नो कुनै सम्बन्ध नरहेको बताइएको छ। विशेष न्यायाधीश प्रशान्त शर्माले यस मामिलाका अर्का आरोपी शोएबका तर्फबाट बहस सुन्न नोभेम्बर १७ तारिखका लागि सुनुवाइ निर्धारण गर्ने आदेश दिए।



सुनुवाइका क्रममा डा. मुजम्मिल शकील र डा. शाहीन सईदका तर्फबाट उपस्थित वकिलले दुवै आरोपी १० नोभेम्बर, २०२५ मा भएको विस्फोटको षड्यन्त्रमा संलग्न नरहेको बताए। उनका अनुसार, विस्फोट हुनुअघि नै उनीहरूलाई क्रमशः २९ अक्टोबर, २०२५ र ९ नोभेम्बर, २०२५ मा पक्राउ गरिएको थियो। उनले विस्फोटमा प्रयोग गरिएको कार खरिद गर्नमा पनि दुवै आरोपीको कुनै संलग्नता नरहेको बताए। यी आरोपीहरू र अन्य आरोपीहरूबीच कुनै कुराकानीसमेत भएको थिएन।

यस मामिलामा अदालतले २९ अगस्तमा राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) द्वारा दायर गरिएको आरोपपत्रको संज्ञान लिएको थियो। अदालतले १३ जना आरोपीविरुद्ध दायर आरोपपत्रमाथि संज्ञान लिने आदेश दिएको थियो। शुरुमा यो मुद्दा पटियाला हाउस अदालतमा चलिरहेको थियो। पछि राउज एभिन्युमा एनआईए अदालत स्थापना भएपछि यस मामिलाको सुनुवाइ राउज एभिन्यु अदालतमा भइरहेको छ।

यसअघि एनआईएले ६ जुलाईमा लालकिल्ला विस्फोटमा ज्यान गुमाएका ११ जनासँग सम्बन्धित फरेन्सिक प्रतिवेदन पेस गरेको थियो। २७ जूनमा एनआईएले पूरक आरोपपत्र दायर गरेको थियो, जसमा तीन नयाँ व्यक्तिलाई आरोपी बनाइएको थियो। पूरक आरोपपत्र दायर भएपछि यस मामिलामा कुल आरोपीको सङ्ख्या १३ पुगेको थियो। पूरक आरोपपत्रमा एनआईएले जमीर अहमद अहङ्गर, तुफैल अहमद भट्ट र मुजफ्फर अहमद उर्फ फराज उर्फ जफरलाई आरोपी बनाएको छ। यी तीनै जना जम्मूका बासिन्दा हुन्।

यस मामिलामा एनआईएले पहिलो आरोपपत्र १४ मईमा दायर गरेको थियो। पहिलो आरोपपत्रमा १० जनालाई आरोपी बनाइएको थियो। एनआईएका अनुसार, यस विस्फोटमा ११ जनाको मृत्यु भएको थियो। करिब ७५०० पृष्ठको आरोपपत्रमा एनआईएले बम विस्फोट गराउने उमर उन नबी (मृतक) लाई पनि आरोपी बनाएको छ।

एनआईएका अनुसार, १० नोभेम्बर २०२५ मा लालकिल्लाबाहिर भएको कार बम विस्फोटको योजना उमर उन नबीले बनाएका थिए। घटनास्थलमै उमर उन नबीको मृत्यु भएको थियो। एनआईएले आरोपी दानिशलाई श्रीनगरबाट पक्राउ गरेको थियो। एनआईएका अनुसार, दानिशले ड्रोनमा प्राविधिक परिवर्तन गरेका थिए र कार बम विस्फोट हुनुअघि रकेट तयार गर्ने प्रयास गरेका थिए।

एनआईएका अनुसार, दानिशले उमर उन नबीसँग मिलेर सम्पूर्ण षड्यन्त्रलाई कार्यान्वयन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। एनआईएका अनुसार, राजनीतिशास्त्रमा स्नातक गरेका दानिशलाई आत्मघाती आक्रमणकारी बनाउन उमरले उनको ब्रेनवास गरेका थिए। उनी अक्टोबर २०२४ मा कुलगामस्थित एउटा मस्जिदमा डाक्टर मोड्चुलका सदस्यहरूसँग भेट्न तयार भएका थिए। त्यहाँबाट उनलाई हरियाणाको फरीदाबादस्थित अल फलाह विश्वविद्यालयमा बस्नका लागि लगिएको थियो।१० नोभेम्बर, २०२५ मा लालकिल्लानजिकै आई१० कारमा विस्फोट भएको थियो। उक्त कार आमिर रशीद अलीको नाममा दर्ता रहेको थियो।

नारनौलः चलानको जाली म्यासेज पठाएर मालीको खाताबाट लाखौँको रुपियाँ ठगी

नारनेल, १४ नोभेम्बर (हिस): जिल्लाको नाङ्गल चौधरी क्षेत्रमा साइबर ठगहरूले बाइक चलानको नाममा एकजना व्यक्तिलाई आफनो शिकार बनाएका छन्। ठगहरूले उनको मोबाइलमा चलानसँग सम्बन्धित नक्कली सन्देशहरू पठाएर लिङ्क पठाए। लिङ्कमा क्लिक गर्नसाथ मोबाइलमा एपीके फाइल डाउनलोड भयो। त्यसपछि मोबाइल हेङ्ग सिमले काम गर्न बन्द गऱ्यो। केही समयभित्रै ठगहरूले पीडितका दुई वटा ब्याङ्क खाताबाट चार पटक लेनदेन गरी ११,९९७ रुपियाँ निकाले। ठगी भएको त्यसबेला प्रकाशमा आयो जतिबेला पीडितलाई रकम काटिएको सन्देश ब्याङ्कबाट प्राप्त भयो। उजुरीको आधारमा पुलिसले मुद्दा दर्ता गरी अनुसन्धान शुरु गरेको छ। पुलिस प्रवक्ताले शनिवार बताए, नियामतपुर गाउँका बासिन्दा गौरव बीडीओ कार्यालयमा मालीको पदमा कार्यरत् छन्। उनले पुलिसमा गरेको उजुरीमा बताए, उनको मोबाइलमा बाइकको चलानसित सम्बन्धित सन्देश आएको थियो। सन्देशमा चालान भुक्तान गर्नको लागि लिङ्क दिइएको थियो। उनले लिङ्क क्लिक गर्नसाथ मोबाइलमा एपीके फाइल डाउनलोड भयो। त्यसको लगत्तै उनको मोबाइल बन्द भयो र सिमले पनि काम गर्न छोड्यो।

गौरव अनुसार गत ३० अक्टोबरको साँझ उनको मोबाइलमा ब्याङ्क खाताबाट पैसा निकालिएको सन्देश आउन थाल्यो। अनुसन्धानमा हरियाणा ग्रामीण ब्याङ्कको खाताबाट तीन किस्तामा ५० हजार, ९९९७ र ५९९९ रुपियाँ निकालिएको पाइएको छ। सोही समयमा एसबीआईको खाताबाट ४६ हजार रुपियाँ निकालिएको थियो। यसरी ठगहरूले चार लेनदेन मार्फत मोठ ११,९९७ रुपियाँ निकाले। त्यसपछि आफू ठगिएको शङ्का लागेर पीडितले आफ्नो साथीको मोबाइलबाट साइबर हेल्पलाईन नम्बर १९३०-मा उजुरी दर्ता गराए। साइबर पोर्टलमा दर्ता गरिएको उजुरी र उपलब्ध जानकारीको आधारमा पुलिसले मुद्दा दर्ता गरेको छ। पुलिसले नक्कली लिङ्क, एपीके फाइल र ब्याङ्क खातामा भएको लेनदेनको जाँच गरेर अभियुक्तहरूसम्म पुग्ने प्रयास गरिरहेको छ।

जापान मास्टर्सको फाइनलमा पुगे लक्ष्य सेन

कुमामोतो, १४ नोभेम्बर (हिस): भारतका स्टार ब्याडमिन्टन खेलाडी लक्ष्य सेनले उत्कृष्ट प्रदर्शनलाई निरन्तरता दिँदै जापान मास्टर्स २०२६ को फाइनलमा स्थान बनाएका छन्। शनिबार खेलिएको सेमिफाइनलमा लक्ष्यले इन्डोनेसियाका अल्वी फरहानलाई तीन खेलसम्म चलेको प्रतिस्पर्धात्मक भिडन्तमा २१-१२, १५-२१, २१-११ ले पराजित गरे। एक घण्टा नौ मिनेटसम्म चलेको खेलमा लक्ष्यले जित हासिल गरेका हुन्। अब उपाधिका लागि हुने फाइनल स्पर्धामा उनको सामना जापानका कोकी वातानाबे वा पूर्व विश्व नम्बर एक थाइल्यान्डका कुनलावुत वितिदसार्नमध्ये एक खेलाडीसँग हुनेछ।

२५ वर्षीय लक्ष्यका लागि यो जित यस सिजनमा उनको उत्कृष्ट पुनरागमनको अर्को प्रमाण बनेको छ। पछिल्लो समय अन्तर्राष्ट्रिय भ्रमणमा सङ्घर्ष गरिरहेका लक्ष्यले जर्मनीमा उत्कृष्ट प्रदर्शन गर्दै पुनः आफ्नो लय हासिल गरेका थिए। उनले हाइलो ओपनको फाइनलमा इन्डोनेसियाका वर्तमान च्याम्पियन जोनाथन क्रिस्टीलाई २१-१७, २१-१० ले पराजित गर्दै यस सिजनको पहिलो तथा आफ्नो खेलजीवनको सातौँ उपाधि जितेका थिए।

पहिलो चरणदेखि नै उत्कृष्ट प्रदर्शन

जापान मास्टर्समा लक्ष्यले आफ्नो अभियानको शुरुआत चाइनिज ताइपेईका ची यू जेनलाई २१-१९, २१-१८ ले पराजित गर्दै गरेका थिए। दोस्रो चरणमा उनले चीनका डोङ तियान याओलाई केवल ३५ मिनेटमा २१-८, २१-१४ ले हराएका थिए। त्यसपछि क्वार्टरफाइनलमा लक्ष्यले जापानका युशी तनाकालाई २१-१६, २१-१५ ले पराजित गर्दै अन्तिम चारमा स्थान बनाएका थिए। अब अल्वी फरहानलाई हराउँदै उनले फाइनलको यात्रा तय गरेका छन्। लक्ष्यले कोरिया ओपनबाट भने आफ्नो नाम फिर्ता लिएका थिए। यद्यपि, जापानमा उनको उत्कृष्ट प्रदर्शनले सिजनको अन्त्यमा आयोजना हुने बीडब्ल्यूएफ टुर फाइनल्सका लागि छनोट हुने सम्भावनालाई थप बलियो बनाउनेछ। अब उनको ध्यान जापान मास्टर्सको उपाधि जित्दै यस सिजनको सुखद अन्त्य गर्नेमा केन्द्रित हुनेछ।

चेन्नईको कारखानाबाट ५० किलो स्युडोएफेड्रिन जफत बाबुछोरासहित तीनजना पक्राउ

चेन्नई, १४ नोभेम्बर (हिस): चेन्नईमा प्लास्टिकका बोतल र डिब्बा उत्पादन गर्ने एउटा कारखानाबाट लुकाएर राखिएको ५० किलोग्राम स्युडोएफेड्रिन रसायन जफत गरिएको छ। अन्तरराष्ट्रिय बजारमा यसको मूल्य लगभग एक करोड़ रुपियाँ आकलन गरिएको छ। लागुऔषध उत्पादनमा प्रयोग हुने उक्त रसायनको तस्करी गरेको आरोपमा बाबुछोरा सहित तीन जनालाई पक्राउ गरिएको छ।

नार्कोटिक्स कन्ट्रोल विभागलाई चेन्नईको एमकेबी नगर स्थित अन्नई इन्दिरा नगरमा सञ्चालित एउटा कारखानामा लागुऔषध बनाउन प्रयोग गरिने स्युडोएफेड्रिन रसायन लुकाएर राखिएको गोप्य सूचना प्राप्त भएको थियो। उक्त सूचनाका आधारमा विभागका अधिकारीहरूले १३ नोभेम्बरको राति कारखानामा छापा मारेका थिए। यस क्रममा दुई वटा बोरामा लगभग २५ह२५ किलोग्रामका दरले कूल ५० किलोग्राम रसायन जफत भयो। अधिकारीहरूले उक्त रसायन जफत गर्नुका साथै तस्करीमा संलग्न तीन जनालाई पक्राउ गरे। पक्राउ पर्नेहरूमा बाबु र छोरा पनि रहेका छन्।

अधिकारीहरू अनुसार, प्रारम्भिक अनुसन्धानमा उक्त रसायन हैदराबादबाट चेन्नई ल्याइएको खुलेको छ। यसको प्रयोग अवैध रूपमा लागुऔषध तयार गरी विदेशमा निर्यात गर्ने योजना रहेको थियो। अनुसन्धानका क्रममा चेन्नईलाई केन्द्र बनाएर सक्रिय अन्तरराष्ट्रिय तस्करी गिरोहले एफेड्रिन र स्युडोएफेड्रिन जस्ता रसायनहरू अस्ट्रेलिया, न्युजिल्यान्ड लगायत अन्य देशमा तस्करी गर्दै आएको पनि खुलेको छ।

अधिकारीहरूले पक्रा परेका तीनै जना आरोपीको भूमिका, रसायनको वास्तविक स्रोत, कुन देशमा पठाउने योजना थियो तथा यस मामिलामा सक्रिय घरेलु र अन्तरराष्ट्रिय तस्करी गिरोहहरूको सञ्जालबारे अनुसन्धान गरिरहेका छन्। नार्कोटिक्स कन्ट्रोल विभागले लागुऔषध तस्करी गर्ने गिरोहहरूलाई समाप्त पार्न तथा लागुऔषध उत्पादनमा प्रयोग हुने रासायनिक कच्चा पदार्थको अवैध प्रयोग रोक्न कारबाही जारी रहने जनाएको छ।

विभागले सर्वसाधारणलाई लागुऔषध तस्करी सम्बन्धी कुनै पनि जानकारी राष्ट्रिय नार्कोटिक्स निरोधक हेल्पलाइन नम्बर १९३३ मा उपलब्ध गराउन अपील गरेको छ।

न्युजिल्याण्ड विरुद्धको टेस्ट शृङ्खलाका लागि भारतीय टोलीमा गुरनूर सामेल, कुलदीप बाहिर

नयाँ दिल्ली, १४ नोभेम्बर (हिस): न्युजिल्यान्ड विरुद्धको दुई टेस्ट खेलको शृङ्खला शुरु हुनुअघि भारतीय टोलीमा परिवर्तन गरिएको छ। पुरुष छनोट समितिले तीव्र गतिका बलर गुरनूर बरारलाई टोलीमा समावेश गरेको छ भने कुलदीप यादवलाई घरेलु क्रिकेट खेल्नका लागि टेस्ट टोलीबाट मुक्त गरिएको छ। विकेटकिपर ब्याट्समयान ऋषभ पन्त पनि भारतीय टेस्ट टोलीका अन्य सदस्यहरूसँग जोडिएका छन्।



भारत र न्युजिल्यान्डबीच दुई टेस्ट खेलको शृङ्खला आगामी १९ नोभेम्बर, २०२६ देखि वेलिङ्टनमा शुरु हुनेछ। २०२७ को जून महिनामा आयोजना हुने विश्व टेस्ट च्याम्पियनसिप (डब्ल्यूटीसी) को फाइनलमा स्थान बनाउने दृष्टिले यो शृङ्खला निकै महत्त्वपूर्ण मानिएको छ। विश्व टेस्ट च्याम्पियनसिपको अङ्कतालिकामा न्युजिल्यान्ड हाल शीर्ष स्थानमा रहेको छ। दक्षिण अफ्रिका र अस्ट्रेलिया पनि अङ्क प्रतिशतका आधारमा न्युजिल्यान्डको नजिक छन्। भारत भने चौथो स्थानमा रहँदै शीर्ष टोलीहरूभन्दा केही पछाडि छ। यस्तो अवस्थामा फाइनलको दौडमा कायम रहन भारतीय टोलीले बाँकी सात टेस्ट खेलमध्ये अधिकांशमा जित हासिल गर्नुपर्नेछ। भारतको टेस्ट अभियान अस्ट्रेलियाविरुद्धको पाँच खेलको घरेलु शृङ्खलासँगै समाप्त हुनेछ।

न्युजिल्यान्ड विरुद्धको संशोधित भारतीय टेस्ट टोली

शुभमन गिल (कप्तान), यशस्वी जैसवाल, केएल राहुल (उपकप्तान), देवदत्त पडिक्कल, ऋषभ पन्त (विकेटकिपर), ध्रुव जुरेल (विकेटकिपर), रविन्द्र जडेजा, अंशुल कम्बोज, जसप्रित बुमराह, प्रसिद्ध कृष्णा, आकाश दीप, साई सुदर्शन, नितिश कुमार रेड्डी, वासिङ्टन सुन्दर, मोहम्मद सिराज र गुरनूर बरार।

कलकत्ता उच्च अदालतले कुचबिहारको ऐतिहासिक सागरदिघीमा छठ पूजाको निम्ति अनुमति दियो

कुचबिहार, १४ नोभेम्बर (हिस): पश्चिम बङ्गालको कुचबिहारस्थित ऐतिहासिक सागरदिघीमा छठ पूजाको आयोजनालाई लिएर चलिरहेको विवाद अन्ततः समाप्त भएको छ। कलकत्ता उच्च अदालतले यस वर्ष पनि त्यहाँ छठ पूजा गर्ने अनुमति दिएको छ। अदालतको निर्णयपछि स्थानीय हरिजन समाज एवं पूजा आयोजकहरूले राहत महसूस गरे। उक्त फैसलापछि विश्व हिन्दु परिषद (विहिप)ले शनिवार बिहान कुचबिहारमा विशेष पत्रकार सम्मेलन आयोजना गऱ्यो। यस अवधि पूजा आयोजकहरूले बताए, पछिल्लो वर्ष २०२४- मा सागरदिघीमा छठ पूजा आयोजनलाई लिएर प्रशासनले आपत्ति गरेको थियो। त्यस समयमा पनि अदालतको हस्तक्षेपपछि पूजा सम्पन्न भएको थियो। विगत दुई वर्षदेखि यहाँ शान्तिपूर्ण रूपमा कार्यक्रम आयोजना हुँदै आएको थियो। तथापि यस वर्ष फेरि एक पटक प्रशासनिक अनुमतिलाई लिएर जटिलता उत्पन्न भएको थियो। समस्या समाधान गर्नका लागि आयोजकहरूले पहिला जिल्ला मेजिस्ट्रेट कार्यालय र त्यसपछि कुचबिहार दक्षिणका विधायक तथा विधानसभा अध्यक्ष रथिन्द्रनाथ बसुलाई सम्पर्क गरे। तर त्यहाँबाट कुनै ठोस समाधान नआएपछि आयोजकहरू एक पटक फेरि कलकत्ता उच्च अदालतमा जान बाध्य भए जहाँबाट उनीहरूले पूजाको लागि अनुमति पाए।

गान्तोकमा ४९औँ जुनियर राष्ट्रिय...

सहभागी राज्य टोलीको औपचारिक मार्च पास्ट र राष्ट्रगानको प्रस्तुतिबाट भयो। गान्तोक नगर निगमकी मेयर तथा ब्याडमिन्टन एसोसिएशन अफ् सिक्किम (बास)-की वरिष्ठ उपाध्यक्ष छिरिङ पाल्देन भोटियाले स्वागत मन्तव्य राखिन्। त्यसपछि, सहभागी खेलाड़ी तथा पदाधिकारीहरूले खेल भावना र निष्पक्ष खेलप्रति प्रतिबद्ध रहँदै शपथ ग्रहण गरे। सिक्किमकी विद्यार्थी प्रतिनिधि हिग्जेन डोल्मा लाचेन्पाले उनीहरूलाई शपथ दिलाइन्।

मुख्य अतिथि राजु बस्नेतले 'योनेक्स-सनराइज ४९औँ अन्तरराज्य तथा अन्तरक्षेत्रीय जुनियर राष्ट्रिय ब्याडमिन्टन टिम च्याम्पियनशिप २०२६' को औपचारिक उद्घाटन गरे।

सिक्किमको समृद्ध परम्परा र सम्पदा झल्काउने सांस्कृतिक प्रस्तुतिले कार्यक्रमको शोभा बढायो भने बासका वरिष्ठ उपाध्यक्ष महेन्द्र छेत्रीले धन्यवाद ज्ञापन गरे। उद्घाटन समारोहपछि च्याम्पियनशिपका खेलहरू शुरु भए। प्रतियोगिता सुचारू रूपमा सञ्चालन गर्नका लागि खेलस्थलमा पाँचवटा ब्याडमिन्टन कोर्ट तयार पारिएका छन्। ब्याडमिन्टन एसोसिएशन अफ् इण्डियाको संरक्षणमा ब्याडमिन्टन एसोसिएशन अफ् सिक्किमद्वारा आयोजित यो च्याम्पियनशिपले १९ वर्ष मुनिका उदीयमान खेलाड़ीलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने र राष्ट्रिय वरीयतामा सुधार गर्ने महत्त्वपूर्ण मञ्च प्रदान गर्दछ। यसका साथै यसले उनीहरूलाई अन्तरराष्ट्रिय प्रतियोगिता तथा विश्व च्याम्पियनशिपमा भारतको प्रतिनिधित्व गर्ने सम्भावनालाई अझ बलियो बनाउन मद्दत पुऱ्याउँछ।

आजबाट टिम च्याम्पियनशिप शुरु भएको छ, जबकि अण्डर-१९ का खेलाड़ीहरूको व्यक्तिगत च्याम्पियनशिप १६ नोभेम्बरदेखि शुरु हुनेछ र यसको फाइनल खेल २१ नोभेम्बरमा हुनेछ। यो च्याम्पियनशिप २१ नोभेम्बरमा समापन हुनेछ। समापन समारोहमा चर्चित गायक पवनदीप राजन र पूर्ण राईको साङ्गीतिक प्रस्तुति पनि रहनेछ।

राष्ट्रिय च्याम्पियनशिपको आयोजना सिक्किममा ब्याडमिन्टन खेलका लागि एक महत्त्वपूर्ण कोसेढुङ्गा हो। यसले स्थानीय खेलाड़ीलाई उच्चस्तरको राष्ट्रिय प्रतिस्पर्धा प्रत्यक्ष हेर्ने अवसर प्रदान गर्नुका साथै राज्यको खेलकुद पूर्वाधार र साङ्गठनिक क्षमतालाई पनि उजागर गरेको छ।

यस कार्यक्रममा सिक्किमका मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार तथा ब्याडमिन्टन एसोसिएसन अफ् सिक्किम (बास)-का अध्यक्ष जेकब खालिङ, गान्तोक नगरनिगम (जीएमसी)-की उपमेयर सारा लामा, जीएमसीका पार्षद्गण, ब्याडमिन्टन एसोसिएशन अफ् इण्डियाका उपाध्यक्ष तथा प्राविधिक समितिका अध्यक्ष एस मुरलीधरण, खेलकुद विकास बोर्डका अध्यक्ष रिञ्जिङ छोपेल, श्रम विकास बोर्डका अध्यक्ष प्रेमराज गुरुङ, सूचना तथा प्रविधि विभागका अध्यक्ष नवराज गुरुङ, प्रशासनिक सुधार समितिका अध्यक्ष एसडी ढकाल, खेलकुद तथा युवा मामिला विभागकी सचिव याङ्चेन डी तामाङसहित अन्यको उपस्थिति रहेको थियो।

प्रतिक्षारत आँखाहरू...

मलाई लाग्थ्यो, मेरा श्रीमान निष्ठुरी मानिस हुन्। तर समय र परिस्थितिले मानिसलाई निष्ठुर बनाउँदो रहेछ। मानिसको जीवनमा अनेक घुम्ती अनि मोड़ आइरहछन्। मलाई थाहा थिएन, एउटा छोराको महत्व आमाबाबुका लागि कति हुने रहेछ? अनि ससाना बालबालिकाका लागि परदेशमा रहेको बाबुको महत्व कति हुने रहेछ? सबै सबै कुरा बुझिरहेछु म।

नयाँ लुगा पाएर बच्चाहरू खुशी छन्। बाबुआमा छोरा भेटेर प्रसन्न छन्। अनि म?

म पनि त मेरा जीवनसाथीसँगको लामो भेटपछि खुशी नै छु।

''ए! झट्ट तयार हौ ला। गोःखा खला झान्या बेला होइगयो'' (ए! छिटो तयार होऊ। गौःरा हुने ठाउँमा जाने बेला भइसक्यो।) मैले घरका सबै जनालाई भनेँ।

छोराछोरी आफ्ना बुवासँग साथ लागेर गौःरा हुने ठाउँमा गइरहेका छन्। म पनि त साथमै छु। सासुससुरा पहिल्यै गइसक्नु भएको छ।

सारा परिवार एक साथ रमाएको छ। म यो पलको आनन्द अनुभूत गरिहेछु शरीर अनि मनमस्तिष्कमा।

साभार- ***समकालीन साहित्य***

सत्यमेव जयते

जनजातीय कार्य मंत्रालय
Ministry of Tribal Affairs
Government of India

जनजातीय गौरव दिवस

धरती आबा भगवान बिरसा मुण्डाको दृष्टिकोण

हाम्रो प्रेरणा

भारतका जनजातिहरुको भावना, सामर्थ्य र विरासतको उत्सव



जनजातीय गौरव दिवस

15 नोभेम्बर 2026 | गढ़चिरौली, महाराष्ट्र | पूर्वाह्न 11:00 बजीदेखि अपराह्न 12:15 सम्म

भिडियो कन्फ्रेन्सिङको माध्यमबाट 3000 करोड़ रुपियाँका विभिन्न विकास परियोजना माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदी जीद्वारा विशेष सम्बोधन, उद्घाटन र शिलान्यास

राज्यमा
246
परियोजना

◆ उद्घाटन हेतु परियोजना (173) ◆ शिलान्यास हेतु परियोजना (73)

परियोजनाका मुख्य विशेषता

- पीएम-जनमनअन्तर्गत **100** एमपीसी (बहुउद्देशीय केन्द्र)
- अनुच्छेद 275 (1) अन्तर्गत **32** नयाँ विद्यालय, छात्रावास र स्वास्थ्य केन्द्र
- डोएजेजीयूएअन्तर्गत **55** नयाँ छात्रावास, विद्यालय सुविधा र जनजातीव बहुउद्देशीय विपणन केन्द्र
- 11 राज्यमा **57** नयाँ एकलव्य आदर्श आवासीय विद्यालय
- जनजातीय अनुसन्धान संस्थान भवन पाञ्चाली, ईटानगर, अरुणाचल प्रदेश
- रोपुइलियानी जनजातीय स्वतन्त्रता सेनानी सङ्ग्रहालय, केल्सिह, आइजोल, मिजोरम

CBC 43101/13/001016/2627

माननीय प्रधानमन्त्रीको नेतृत्वमा जनजातीय विकासको 12 वर्ष

समावेश, अवसर, अधिकार र जमिनीस्तरमा विकासको माध्यमबाट जनजातीय कल्याणमा बदलाव

◆ जनजातीय कल्याणप्रति प्रतिबद्धता

- बजट 3.5 गुणा: गत 12 वर्षमा 4,295 करोड़ रुपियाँदेखि 15,421 करोड़ रुपियाँ
- पीएम-जनमन र डीएजेजीयूए योजनाअन्तर्गत 1 लाख करोड़ रुपियाँभन्दा अधिकको संयुक्त परिव्यय
- पोएम जनमन: 3.3 लाख पक्का घरको निर्माण, 3,300 किलोमीटर सड़कको निर्माण, 1.4 लाख घरमा विद्युतीकरण
- 9,100 पीभीटीजी गाउँ पाइपद्वारा पेयजलले संतृप्त
- डीएजेजीयूए: 63,800 गाउँ, 5.4 करोड़ जनजातीय मानिस सामेल

◆ वन अधिकार: सामुदायिक स्वामित्वलाई मान्यता

- देशभरिमा वन अधिकार अधिनियमअन्तर्गत 54,01,561 दाबी प्राप्त
- 2,37,91,827 ऐकरमा फैलिएको वन भूमिमा 25,42,369 अधिकार-पत्र वितरित
- ग्राम सभाको नेतृत्व रहेको वन संरक्षण र सामुदायिक संसाधन प्रबन्धनको सुदृढ़ीकरण

◆ स्वास्थ्य सेवा र आधारभूत शासन

- 76,963 गाउँमा कल्याणकारी सेवाको अन्तिम छेउसम्म प्रदायगी सुनिश्चित गर्न 1.54 लाख आदि कर्मयोगी स्वयंसेवक
- 1 लाख उपचारकहरुलाई प्रशिक्षित गर्न र प्रमाणित गर्ने लक्ष्यको दिशामा 1,500 पारम्परिक जनजातीय उपचारक प्रशिक्षित
- राष्ट्रिय सिकल सेल एनीमिया उन्मूलन मिशनअन्तर्गत 19 सक्षमता केन्द्र स्वीकृत, तीमध्ये 4 उद्घाटित

◆ शिक्षा: आगामी पिँढ़ीलाई सशक्तीकरण

- 532 एकलव्य आदर्श आवासीय विद्यालय कार्यशील; 1.7 लाख छात्र, तीमध्ये आधा बालिका
- जनजातीय छात्रलाई छात्रवृत्ति र अध्येतावृत्तिका लागि 22,000 करोड़ रुपियाँभन्दा अधिक संवितरित
- प्रतिवर्ष 30 लाख जनजातीय विद्यार्थीद्वारा छात्रवृत्ति प्राप्त

◆ आजीविका र उद्यम विकास

- देशभरिमा 3652 वन धन विकास केन्द्र सञ्चालित
- 9,68,350 सदस्यलाई लाभान्वित गर्दै 188.22 करोड़ रुपियाँको बिक्री भयो
- जनजातीय कारिगर र उद्यमिलाई बजार सम्पर्क, डिजाइन विकास र उद्यम संवर्धनको माध्यमबाट प्रदत्त सहायता
- जनजातीय कला महोत्सव 2026 मा 2 करोड़ रुपियाँको बिक्री गर्दै 1,000 भन्दा अधिक कलाकृतिको प्रदर्शन

◆ संस्कृति, विरासत र डिजिटल समावेशन

- देशभरिमा 11 मध्ये 4 जनजातीय सङ्ग्रहालयको उद्घाटन
- आदि वाणी: 9 जनजातीय भाषाका साथ एआई आधारित मञ्च लाइभ; कैयौँ भाषा विकासको अधीन
- 13 राज्यमा 16 जनजातीय हटस्पटमा 200-300 औषधीय बिरुवाका प्रजातिको दस्तावेजीकरण र संरक्षण

— दूरदर्शनमा सजीव प्रसारण —